का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक २९३
❒ २७ पुस २०७६, आइतबार
❒ 12 January 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक




# सभामुख सधैं समस्या

## नेकपा निर्णयः उपसभामुखको राजीनामा

बलात्कार आरोपमा कृष्णबहादुर महरा पक्राउ परेसँगै रिक्त सभामुख पद नछोड्ने निर्णय गरेको नेकपाले अन्ततः उपसभामुख शिवमाया तुम्बाहाङ्फेलाई राजीनामा गराउने निर्णय गरेको छ ।



**२०४८-०५१ः दमनाथ ढुंगाना**
**आरोप**ः संसद विघटन गरी मध्यावधिको बातावरण बनाएको



**०६३-०७२ः सुवास नेम्वाङ**
**आरोप**ः संविधानसभा विघटन, साना तथा समावेशी एजेण्डा पक्षधरलाई वेवास्ता



**०५१-०५६ः रामचन्द्र पौडेल**
**आरोप**ः सरकार बदल्न सांसद खरीद-बिक्री र एमाले विभाजनको बातावरण बनाएको



**०७२-०७४ः ओनसरी घर्तिमगर**
**आरोप**ः केपी ओली सरकार बदल्न राजनीतिक रूपमा सक्रिय बनेको



**०५६-०६२ः तारानाथ रानाभाट**
**आरोप**ः काँग्रेस विभाजन, संसद विघटन र राजावादी बनेको



**०७४-०७६ः कृष्णबहादुर महरा**
**आरोप**ः संसद सचिवालयकै कर्मचारीलाई बलात्कार प्रयास

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ पुस

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले उपसभामुख शिवमाया तुम्बाहाङ्फेसँग राजीनामा माग्ने निर्णय गरेको छ । शनिबार दिउँसो प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सचिवालय बैठकले उपसभामुखलाई राजीनामा गराउने निर्णय गरेको हो ।

प्रवक्ता नारायणकाजी श्रेष्ठले उपसभामुखलाई राजीनामा गराउने निर्णय भएको बताए । उनले भने, "उपसभामुखलाई राजीनामा गराउने निर्णय भएको छ। राजीनामा पछि कसलाई उपसभामुख बनाउने भन्ने निर्णय हुन्छ।" गत असोज १४ गते कृष्णबहादुर महराले सभामुख पदबाट राजीनामा दिएका थिए । बलात्कार जस्तो गम्भीर आरोप लागे पछि महराले राजीनामा दिए पछि रिक्त पद नेकपाले नछोड्ने भए पछि उपसभामुखलाई राजीनामा गराउने निर्णय गरिएको छ । एउटै दलबाट सभामुख र उपसभामुख

### चित्त बुझ्दो जवाफ नआए राजीनामा दिन्नः उपसभामुख

राख्न नपाउने भएकाले संसदको दुवै पद रिक्त गराउन यस्तो निर्णय गरिएको छ ।

तर, उपसभामुख तुम्बाहाङ्फेले राजीनामा नदिने अडान कायमै राखेकी छन् । चित्तबुझ्दो जवाफ नआएसम्म राजीनामा नदिने र पुस २७ गतेको संसद बैठक चलाउने अडान समेत लिएकी छन् । शनिबार साँझ मध्यान्ह सँग कुरा गर्दै उनले राजीनामा दिनुपर्ने प्रष्ट कारण नआएसम्म राजीनामा नदिने बताइन् ।

पार्टी निर्णय भएकाले उपसभामुखले राजीनामा गर्नुपर्ने नेकपा नेताहरुले बताउँदै आएका छन् ।

**अव को ?**

उपसभामुखले अडान लिए पनि अन्ततः राजीनामा हुने निश्चित छ । किनभने, उपसभामुख संसदीय फाँटमा स्वतन्त्र बाँकी पृष्ठ २ मा

## फितलो कानून

# 'टिपर राज'

**केशर धामी/मध्यान्ह**
काठमाडौं, २६ पुस

शुक्रबार एकाबिहानै अत्यन्तै दुखद् खबर सार्वजनिक भयो । त्यो थियो, धनुषामा टिपरको ठक्करबाट एक युवकको मृत्यु । एकै छिनमा घटनाबारे विभिन्न तथ्यहरू बाहिर आउन थाले । धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरका २४ वर्षीय ओमप्रकाश भनिने दिलिपकुमार महतोका टिपरले ठोकेर ज्यान गएको थियो । अवैध बालुवा उत्खननको विरोध गर्दै आइरहेका महताको टिपरले किचेर हत्या गरेको आरोप मृतकका आफन्तको छ। प्रहरीले यो विषयमा अनुसन्धान जारी राखेको जनाएको छ ।

असार २६ गते भक्तपुरको सल्लाघारीमा एक १८ वर्षीय रोयल सुवेदी पनि टिपरको आतंकमा परे । बा ८५ प ७१६ नम्बरको मोटरसाइकलमा कोटेश्वरतर्फ आउँदै गरेका उनलाई बा ४ ख ८७२५ नम्बरको टिपरले ठक्कर दिएको थियो । ठक्कर दिएलगत्तै उनको घटनास्थलमै ज्यान गएको थियो ।

त्यस्तै गत जेठ ३० गते काठमाडौंको जडिबुटीमै टिपरले ठक्कर दिएपछि २४ वर्षीय अस्मिता भण्डारीको मृत्यु भयो। तीव्र गतिमा रहेको टिपरले उनलाई ठक्कर दिएको थियो। टिपरको ठक्करबाट घाइते भएर लडिरहेकी भण्डारीलाई व्याक गरेर किचेको थियो ।

यी घटना उदाहरण मात्रै हुन् । टिपरका कारण ज्यान गुमाउनेको संख्या भने बढ्दै गएको देखिन्छ । टिपरका कारण दुर्घटना बढेपछि बिहान ५ बजेदेखि साँझ ८ बजेसम्म उपत्यकामा चलाउन रोक लगाइएको छ । तैपनि दुर्घटनामा कमी आएको छैन् ।

ट्राफिक प्रहरीको मंसिर मसान्त सम्मको तथ्यांक हेर्ने हो भने टिपरकै कारण काठमाडौं उपत्यकामा २४३ वटा दुर्घटना भएका छन् । जसमा तीन जनाको मृत्यु भएको छ भने दुई जना गम्भीर र ७४ जना सामान्य घाइते भएका छन् ।

गत आर्थिक वर्षमा टिपरकै कारण ४३६ वटा दुर्घटना भएका थिए । ती दुर्घटनामा २३ जनाले ज्यान गुमाएका थिए भने १२ गम्भीर र १३० जना सामान्य घाइते भएको महानगरीय ट्राफिक प्रहरी महाशाखाको तथ्यांकले देखाएको छ ।

दुर्घटनाको प्रमुख कारण भनेको उनीहरूको अनियन्त्रित गति भएको ट्राफिक प्रहरीको अनुसन्धानले देखाएको छ । सडक अलि कति पनि खाली हुँदा तीव्र गतिमा टिपर हाँक्दा दुर्घटना हुने गरेको महाशाखा प्रमुख एसएसपी भीमप्रसाद ढकाल बताउँछन् । उनी भन्छन्, 'रातिको समयमा सडक खाली हुन्छ । उनीहरूको गति एकदमै बढ्छ ।'

टिपरको गति नियन्त्रणका लागि महानगरीय ट्राफिक प्रहरी महाशाखाले 'टाइम कार्ड' उपलब्ध गराए पनि त्यो लागू बाँकी पृष्ठ २ मा

# तस्करीको रुट फेर्दै मानव तस्करहरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ पुस

अमेरिका, क्यानाडा तथा यूरोपेली मुलुकहरुमा स्थायी बसोवाससहित आकर्षक रोजगारीको प्रलोभन देखाएर ठगी गर्ने बढेपछि नेपाल प्रहरी र वैदेशिक रोजगार विभाग त्यस विषयमा केन्द्रित भएका छन्। मानव तस्करहरुले पछिल्लो दिनमा च्यानल परिवर्तन गरी युक्रेन हुँदै रोजगार आकांक्षी युवाहरुलाई लैजान थालेपछि दुबै निकाय सतर्क बनेका हुन् ।

तस्करहरुले नेपालका केही शैक्षिक कन्सल्टेन्सीहरुबाट युवाहरुलाई सम्पर्क गरी लैजाने गरेको अध्ययनले देखाएको छ । यस विषयमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले शुक्रबार छलफल गरेका छन् । छलफलमा केही दिन भित्र सहकार्यको योजना तयार पारी कार्यान्वयनमा लैजाने तयारी गरिएको श्रोतले बतायो ।

वैदेशिक रोजगारीमा खाडीका विभिन्न देश र मलेसिया जाने कामदारले भन्दा अमेरिका, क्यानडा र युरोपका विभिन्न देशमा बसाई सराई सहितको आकर्षक वैदेशिक रोजगारीको प्रलोभनमा पर्नेहरुले धेरै गुमाउने गरेको सरकारी निकायहरुको निष्कर्ष छ ।

विगतमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम बीबीसी लगायतका सञ्चारसंस्थाहरुले नेपालबाट हुने मानव तस्करी डरलाग्दो रुपमा संस्थागत भइरहेको समाचार सार्वजनिक गरेका थिए। सरकारले खाडी तथा मलेसियामा रोजगारीमा जाने कामदार ठगिएको विषयमा केन्द्रित भई त्यसलाई धेरै हदसम्म नियन्त्रणमा राखेको छ। तर बसाई सराई सहित युरोप अमेरिका तथा क्यानडाको जैदेशिक रोजगार ठगी डरलाग्दो देखिएको छ ।

महानिर्देशक डा. भूसालले खाडी र मलेसिया जाने प्रायः युवाहरु आर्थिक रुपमा विपन्न, शिक्षा र चेतनाका दृष्टिले कमजोर देखिएपनि युरोप, अमेरिका, क्यानडाको रोजगारी र स्थायी बसोवासका नाममा हुने ठगीमा उच्चशिक्षा आर्जन गरेका शिक्षित युवाहरुको वाहुल्यता देखिएकाले समस्या गम्भीर रहेको अनुभुति भएको बताए । युवाहरुले ती रोजगार गन्तव्यमा पुग्नकै लागि ७५ लाख रुपैयाँसम्म दलाललाई बुझाएको देखिएको छ ।

केही दिनअघि इण्डोनेशियाको राजधानी जाकार्ता र प्रसिद्ध पर्यटकीय गन्तव्य बालीमा करिब १० महिनासम्म बन्धक बनाइएका तीन नेपाली युवक र एक नेपाली युवती फिर्ता भएपछि इन्डोनेशिया लगायत पूर्वी एशियाली मुलुकहरुबाट बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## तामाङ समाजमा नयाँ नेतृत्व



**काठमाडौं, मस–** वैदेशिक रोजगार व्यवसायी तामाङ समाजको प्रथम साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ । शनिबार जगडोल गोकर्णमा सम्पन्न साधारण सभा पूर्व कानुनमन्त्री शेरबहादुर तामाङको प्रमुख आतिथ्यता तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यबहाक अध्यक्ष कमल तामाङ, पूर्व अध्यक्ष बलबहादुर तामाङ, संघका महासचिव सुजित श्रेष्ठ प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष चित्रगुप्त साँवा लिम्बू र आशा फाउण्डेशनकी अध्यक्ष आशा लामाको विशेष आतिथ्यतामा भएको थियो । बाँकी पृष्ठ २ मा

## राजदूत डा. सिंह र साउदी गभर्नरबीच भेटवार्ता



**काठमाडौं/मस–** साउदी अरबका लागि नेपाली राजदूत प्रा.डा. महेन्द्र प्रसाद सिंहले साउदी अरेबियाको अल जोउफ रिजनका गभर्नर प्रिन्स फैसल विन नावाफ अब्दुल्लाजिजसँग भेटवार्ता गरेका छन्। राजदूत प्रा.डा. सिंहले शुक्रबार गभर्नर अब्दुल्लाजिजसँग भेट गरेका हुन् । भेटवार्तामा नेपाल र साउदी अरेबियाबीच लामो समयदेखि कायम द्विपक्षीय सम्बन्धका विषयमा छलफल भएको त्यहाँबाट प्रकाशित रियाद दैनिकले जनाएको छ ।

त्यसैगरी भेटवार्तामा दुवै मुलुकको सामुहिक स्वार्थका विषय, नेपालमा साउदी अरेबियाको लगानी तथा साउदी अरबमा रहेका नेपाली कामदार तथा समुदायको हितका बारेमा पनि छलफल भएको थियो । साउदी अरबको उत्तरी छिमेकी जोर्डनसँग सीमा जोडिएको अल जोउफ क्षेत्रमा हजारौं नेपाली कामदारहरु कार्यरत छन् ।

हार्दिक बधाई तथा शुभकामना



वैदेशिक रोजगार व्यवसायी तामाङ समाजको प्रथम साधरणसभा तथा अधिबेशनबाट निर्वाचित हुनुभएकोमा अध्यक्ष मिनप्रसाद तामाङ, उपाध्यक्षद्वय सोम तामाङ र शुक्र पाखिन, महासचिव मोहन योन्जन, सचिव कुन्छा दोर्जे डिमडोङ, कोषाध्यक्ष तिलक तामाङ, सहकोषाध्यक्ष सोम बहादुर तामाङ तथा कार्यसमिति सदस्यहरु लिल तामाङ, सुशिल लामा, जय मोक्तान, शुक बहादुर तामाङ, पदम बहादुर तामाङ र टक्कर बहादुर तामाङ प्रति हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सजिन राई
अध्यक्ष
तथा
ग्रिन लाइट ओभरसिज प्रा.लि.
परिवार
बसुन्धारा, काठमाडौं, फोन नं. ०१- ४३५३०४४

# सीमा विवादमा बोले पूर्व राजा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ पुस

सिमा विवाद समाधानका विषयमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले ठोस कदम उठाउन सकेको छैन । सरकारले सिमा विवादलाई सुल्झाउन नसकेको अवस्थामा पूर्वराजा राजा ज्ञानेन्द्र शाहले सिमा विवादका विषयमा बोलेका छन् । पूर्वराजा शाहले राष्ट्रनायकहरुको वीरगाथाबारे बोल्न नसक्ने र माटोको सम्मानमा बोल्नै नहुने अवस्था सिर्जना गरिएको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले सत्य कहिल्यै नहार्ने र स्वाभिमान कहिले पनि नमर्ने भन्दै देशको सबै भू-भागको रक्षाको लागि आम नेपाली एक हुनु पर्ने बताएका छन् ।

आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहको २९८ औं जन्मजयन्तीको तथा राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा शनिबार शुभकामना सन्देश जारी गर्दै पूर्व राजा शाहले राष्ट्रिय अखण्डता र स्वाभिमानको अभिव्यक्तिलाई कुण्ठित पार्ने कार्य कतैबाट हुन नहुने उल्लेख गरेका छन् । विज्ञप्तीमा भनिएको छ, 'हाम्रा पुर्खाको पौरखले जोडिएको, जगेर्ना गरिएको हिमाल, पहाड र तराई मिलेर बनेको हाम्रो यो प्यारो मातृभूमि नेपाल सदा स्वतन्त्र, शान्त, अविभाज्य र अखण्ड रहनु पर्दछ, देशको सबै भू-भागको रक्षा तथा समग्र नेपालबासीको समृद्धिका लागि गहकिलो प्रयास हुनै पर्दछ ।'

उनले जनमानसमा के छ र के भइरहेको छ ? सबैमा स्पष्ट रहेको चर्चा गर्दै विज्ञप्तीमा पृथ्वीनारायण शाहका दिव्योपदेशहरु आधुनिक नेपाल अधिराज्य निर्माणको प्रक्रियामा आज पनि उत्तिकै महत्वपूर्ण र सान्दर्भिक रहेको उल्लेख गरेका छन् । पूर्वराजा शाहले राष्ट्रिय अखण्डता र स्वाभिमानको अभिव्यक्तिलाई कुण्ठित पार्ने एव मुलुकले नचाहेको र असान्दर्भिक विषयमा मुलुकलाई विवादमा पार्ने प्रयास कतैबाट पनि हुन नहुने समेत विज्ञप्तीमा जनाएका छन् ।

# प्रधानमन्त्रीको स्वास्थ्यसँग खेलवाड !

**मध्यान्ह संवाददाता**
काठमाडौं २६ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यसँग खेलबाड भइरहेको छ । उनको मिर्गौला प्रत्यारोपणका विषयमा विवाद झिकेर स्वास्थ्यसँग खेलबाड गर्ने कार्य भइरहेको प्रधानमन्त्री निकट स्रोतले जनाएको छ।१२ बर्ष अघि मिर्गौला प्रत्यारोपण गरेका प्रधानमन्त्री ओलीको पुनः मिर्गौला प्रत्यारोपण गर्नु पर्नेछ । तर, प्रधानमन्त्रीका परिवारजन र सल्लाहकारबीचको विवादले उनको मिर्गौला प्रत्यारोपणको कार्य रोकिएको छ । प्रधानमन्त्री निकट स्रोतका अनुसार प्रधानमन्त्री ओलीले स्वदेशमै मिर्गौला प्रत्यारोपण गराउन चाहेका छन् तर उनका सल्लाहाकारहरुले विदेशमा उपचार गराउन दबाब दिदै आएका छन् । जसकारण प्रधानमन्त्री ओलीको मिर्गौला प्रत्यारोपण भएको छैन । जसकारण गत महिना प्रधानमन्त्री ओलीमा गम्भीर स्वास्थ्यसमस्या गम्भीर समस्या देखिएको थियो ।

गत बर्ष संक्रमण भएपछि पाँच दिन अस्पताल भर्ना गरेर उपचार गराएका ओलीको मिगौलाको कार्यक्षमतामा फेरि कमजोरी देखिएको थियो । गत भदौमा मिगौलाको आयु बढाउन छ पटकसम्म गरिएको 'प्लाज्मा फेरोसिस'ले पनि काम गरेन । यसपछि ओली कात्तिकदेखि नै नियमित डायलासिसमा छन् । ओलीले यो बीचमा धापासीस्थित ग्राण्डी अस्पतालमा भर्ना भएर दुई पटकसम्म मिर्गौलाको डायलाइसिस गराएका थिए । एपेन्डिसाइटिसको अप्रेसनपछि मनमोहनको आईसीयूमा १० दिनसम्म रहँदा पनि प्रम ओलीको मिर्गौलाको डायलाइसिस गरिएको थियो । ०६४ सालमा भारतको अपोलो अस्पतालमा उनको पहिलो पटक मिर्गौला प्रत्यारोपण गरिएका थिए । ओली गत १८ साउनमा स्वास्थ्य परीक्षणका लागि सिंगापुर गएका थिए । २७ साउनमा स्वदेश फर्किएका उनले ५ भदौमा फेरि सिंगापुर पुगेर प्लाज्माफेरेसिस प्रक्रियामार्फत उपचार गराएका थिए । प्लाज्माफेरेसिसबाट पनि मिर्गौलाको काम गर्ने क्षमतामा सुधार नआएपछि ओलीको मिर्गौला नियमित डायलाइसिस गर्नुपर्ने वा प्रत्यारोपणमा जानुपर्ने दुई विकल्प दिइएको थियो ।

स्रोतका अनुसार ओलीलाई दोस्रो प्रत्यारोपणका लागि मिर्गौला दिन उनका दुईजना आफन्त तयारी अवस्थामा चिकित्सकको नियमित निगरानीमा रहेका छन् । तर ओलीले अझै समय निकाल्न सकेका छैनन् । प्रधानमन्त्रीको उपचारमा संलग्न केही चिकित्सकले विश्वको सुविधासम्पन्न अस्पतालमा गएर पुनः प्रत्यारोपण गर्न सल्लाह दिएका छन् । तर प्रधानमन्त्री ओली भने सकेसम्म नेपालमै प्रत्यारोपण गर्ने मनाशायमा रहेका छन् ।

# विभिन्न दुर्घटनामा ९ जनाको मृत्यु

**काठमाडौं/मस–** मुलुकमा दैनिक दुर्घटनामा परेर ज्यान गुमाउनेको संख्यामा कमी आएको छैन्। हरेकदिन दुर्घटनाकै कारण मानिसहरुले अकालमै ज्यान गुमाई रहेका छन् । शनिबार ७ जिल्लामा दुर्घटनामा परी ९ जनाले ज्यान गुमाएका छन् । झापाको मेचीनगर नगरपालिका-७ इँटाभट्टा चोकमा मे.४ प ९३१३ नम्बरको मोटरसाइकललाई युपी २५ डि १६९३ नम्बरको ट्रकले शुक्रबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालक बारा काँकडी बस्ने ४० वर्षीय रामप्रसाद यादवको घटनास्थलमै मृत्यु भएको छ । झापाकै दमक नगरपालिका-४ कृष्ण मन्दिर अगाडि पूर्वपश्चिम राजमार्गमा मे.१ क ६४९ नम्बरको टिपरले शनिबार बिहान ठक्कर दिँदा सोही ठाउँ बस्ने पैदलयात्री ६९ वर्षीया तुलसा गौतमको घटनास्थलमै मृत्यु भयो । ट्रिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिइको छ ।




दोलखाको भिमेश्वर नगरपालिका-१ क्षमावतीमा प्रदेश नम्बर ३ ०२-००३ प ७१३३ नम्बरको मोटरसाइकल शुक्रबार राति अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने २८ वर्षीय मदन थामीको मृत्यु भयो । दुर्घटनामा गम्भीर घाइते भएका थामीको प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा उपचारको क्रममा मृत्यु भएको हो । कास्कीको पोखरा महानगरपालिका-२६ स्थित कालिका चोकमा ग.२ च २७१८ नम्बरको बलेरो जिपले ठक्कर दिँदा गम्भीर घाइते भएका कालिका चोक बस्ने तनहुँ ब्यास नगरपालिका-१० घर भएका २३ वर्षीय बिशाल बिककी २ वर्षीया छोरी प्रिन्सेस बिकको उपचारको लागि पश्चिम क्षेत्रीय अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु छ ।

कास्कीकै पोखरा महानगरपालिका-१ मा ग.२ च ९८५ नम्बरको जिप अनियन्त्रित भई सडकमा पल्टिएर शनिबार बिहान जिपमा सवार स्याङ्जा आँधिखोला गाउँपालिका-१ दरौसिरुबारी घर भई कास्की चाउथेस्थित माछापुच्छे पोल्ट्रीफर्ममा कार्यरत १७ वर्षीय मन बहादुर सुनारको मृत्यु भयो । दुर्घटनामा गम्भीर घाइते भएका मन बहादुरको पश्चिम क्षेत्रीय अस्पताल पोखरामा उपचारको क्रममा मृत्यु भएको हो ।

महोत्तरीको मटिहानी नगरपालिका-३ बर्दाहामा ज.२ त ११७ नम्बरको ट्याक्टरमा सवार सोही ठाउँ बस्ने ३० वर्षीय ईर्साद कवारीको ट्याक्टरबाट लडेर मृत्यु भएको छ । ट्याक्टर चालक फरार छन् । शुक्रबार दिउँसो तनहुँको बन्दीपुर गाउँपालिका-४ नयाँपुलस्थित पृथ्वी राजमार्गमा ना.५ ख ७८०४ नम्बरको ट्रकले ठक्कर दिँदा पैदलयात्री गोरखा पालुङटार गाउँपालिका-७ बस्ने १० वर्षीया सुनिता परियारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनलाई लक्ष्मी अस्पताल डुम्रे हुँदै पुरानो मेडिकल कलेज भरतपुर चितवन पठाएकोमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका सुमित परियारको पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचार भइरहेको छ ।

सल्यानको वनगाड कुपिन्डे नगरपालिका-४ सिर्पगाडस्थित चौरजहारी सडकमा ना.४ ख ८८७० नम्बरको ट्रक सडकबाट करिब १ सय ५० मिटर तल खस्न गई दुर्घटना हुँदा चालक सुर्खेत गंगादेब नगरपालिका-१ मदाने बस्ने ३४ वर्षीय जय बहादुर विश्वकर्माको घटनास्थलमै मृत्यु भएको छ । धनकुटा, चौबिसे गाउँपालिका-८ एसपीमोडस्थित सडकमा ना.७ ख ७९१७ नम्बरको टेलर अनियन्त्रित भई सडकको छेउमा पल्टिएर दुर्घटना हुँदा सहचालक सुनसरी ईटहरी उपमहानगरपालिका-४ बस्ने ३५ वर्षीय राजकुमार राईको टेलरले किचेर मृत्यु भएको छ । टेलर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बौद्धिक र पूँजी पलायन रोक्नुपर्ने : मन्त्री भट्टराई

**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बौद्धिक जनशक्ति र पूँजी पलायन रोक्नुपर्ने बताएका छन् । शनिबार नेपाल शैक्षिक परामर्श संघ (इक्यान)को १४ औं साधारणसभालाई उद्घाटन गर्दै उनले मुलुकबाट अध्ययनका लागि ठूलो मात्रामा बौद्धिक जनशक्तिसँगै पूँजी पलायन पनि डरलाग्दो रुपमा रहेकाले त्यसलाई राख्नुपर्ने बताए ।

यसका लागि इकयानले विदेशमा अध्ययन गरेका विद्यार्थीलाई नेपाल फर्काउन भूमिका खेल्नुपर्ने उनको धारणा छ । 'विदेशमा भएर अध्ययन गर्नु राम्रो हो । तिनीहरूले विश्वमा भएको विकासको बारेमा सिक्न पाउँछन,', उनले भने, 'त्यहाँ अध्ययन गरेसकेपछि ती विद्यार्थीलाई नेपालमा फर्काउन सके मुलुकको समृद्धिमा सहयोग पुग्ने छ ।'

उनले १९८० को दशकमा विश्वमा रहेका चिनियाँ नागरिक आफ्नो मुलुक फर्केको उल्लेख गर्दै नेपालले पनि त्यसैगरी विश्वभरका बौद्धिक नेपालीलाई फर्काउनुपर्नेमा जोड दिए । विश्वमा नेपालको पर्यटन बजारलाई उपस्थित गराउन नेपाल भ्रमण वर्ष-२०२० शुरुवात गरिएको भन्दै इक्यानले पनि आफ्नो पहलबाट नेपालमा पर्यटक ल्याउन सहयोग गर्नुपर्ने बताए ।

'यहाँबाट लाखौं विद्यार्थी अध्ययनका लागि बाहिर गएका छन् । ती विद्यार्थीले आफ्नो कजेलमा नेपालको पर्यटकीय क्षेत्रका बारेमा जानकारी गराएर भ्रमण वर्षमा त्यहाँका कलेजबाट पनि पर्यटक ल्याउनु पर्दछ', उनले भने । उनले भ्रमण वर्ष शुरुसँगै भौतिक पूर्वाधारका काम पनि सँगै हुने बताए । हिजोभन्दा राम्रो सेवा हाम्रो विमानस्थलले दिन थालेको भन्दै उनले नयाँ बन्ने निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले विश्वका राम्रा विमानस्थलले दिने सेवा दिने बताए ।

# भ्रमण वर्षको प्रवर्द्धनमा सम्पदा पदयात्रा

**काठमाडौं/मस–**नेपाली कांग्रेसका युवा नेता एवं सांसद गगन थापाले नेपाल भ्रमण वर्ष सफल बनाउन सबैमा आह्वान गरेका छन् । नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धनका लागि आयोजित सम्पदा पदयात्रा कार्यक्रममा मन्तव्य राख्दै सांसद थापाले भ्रमण वर्षका लागि सबैले आ(आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताए । उनले सम्पदा पदयात्राले भ्रमण वर्ष प्रवर्द्धनका लागि राम्रो सन्देश जाने बताउँदै यस किसिमका कार्यक्रम निरन्तर आयोजना हुनुपर्ने बताए ।




पाटनढोकाबाट शुरु भएको पदयात्रा कृष्ण मन्दिर पुगेर समापन भएको थियो । पदयात्रा कार्यक्रम समापनपछि सांसद थापा सहित अभियन्ताहरुले बागमती, विष्णुमति, गोदावरी लगायतका सम्पदा सरसफाइ गरेका थिए । डा. सुन्दर सिंहले सञ्चालन गरेको कार्यक्रममा सांसद थापा र जीवन विज्ञानको आतिथ्यता रहेको थियो । अभियन्ता किशोर शाही र माला खरेलको संयोजनमा आयोजित उक्त कार्यक्रममा अभियन्ता मदनकुमार पोखरेलले स्वागत मन्तव्य राखेका थिए ।

शनिबारको सम्पदा पदयात्रामा क़रिब चार दर्जन संघसंस्थाहरु सहभागी भएको अभियन्ता एवं निरा गृहिणी समाजकी अध्यक्ष निरा तिम्सिनाले मध्यान्हलाई बताइन् । अभियनताहरुले विभिन्न स्थानमा सरसफाइको कार्यक्रम पनि संचालन गर्दै आएका छन् ।

## सभामुख...

हुने भएपनि दल त्याग गरेको नमानिने संवैधानिक व्यवस्था छ । तसर्थ, दलको सदस्यको हैसियतमा उपसभामुखले पार्टी निर्णय मान्नुपर्ने वैधानिक व्यवस्था छ ।

तर, उनको राजीनामा गराउने भन्नेबारे भने निश्चित हुन सकेको छैन । किनभने, राजीनामा गरे पनि उनको सभामुखमा दावी कायमै रहने बताउँदै आएकी छन् । यता, सभामुख पदमा कुरा नमिलेकै कारण पुस ४ गते देखि बोलाइएको प्रतिनिधिसभा बैठक बस्न सकेको छैन ।

हुन पनि २०४६ को बहुदल यता कुनै पनि सभामुख विवाद रहित देखिन्न । हरेक पटकका सभामुखकै कारण संसद विवादित र बन्धक बन्दै आएका छन् ।

०४८-०५१ म सभामुख बनेका दमननाथ ढुंगानाले त पार्टीभित्रै विवादित थिए । ०४६ को जनआन्दोलनबाट बहुदलीय व्यवस्था स्थापनापछि पहिलो पटक गठित संसदका सभामुख दमननाथ ढुंगानाले प्रतिपक्ष नेकपा एमालेको उति धेरै आरोप खेप्न नपरे पनि पार्टीभित्र नै चर्को आलोचना खेप्नु पऱ्यो । पार्टी सभापति कृष्णप्रसाद भट्टराईको भक्त बनेको आरोप लाग्यो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा 'टनकपुर सहमति नभई सन्धी' भएकाले संसद्बाट अनुमोदन गराउने पक्षमा उभिएपछि कोइराला पक्षले ढुंगानालाई सभामुख नभई भट्टराईको कार्यकर्ता बनेको आरोप लगाएका थिए । कतिपय यसै कारण कोइरालाले संसद् विघटन गरेको विश्लेषण गर्छन् ।

०५१-०५६ का सभामुख रामचन्द्र पौडेलले ठूलो दल बनेको एमालेले गिरिजाप्रसाद कोइरालाका छायाँ भनी आलोचना गर्थे । महाकाली सन्धीका बेला पौडेलले एमाले फुटाउने भूमिका निर्वाह गरेको आरोप एमालेले अहिले पनि लगाउने गरेको छ । सभामुख छोडेपछि फेरि पटक-पटक मन्त्री बनेर पौडेल थप विवादित बने । उनकै पालामा सरकार ढाल्न र बनाउन सांसद खरीद-बिक्रीको चर्चा समेत चल्यो ।

०५६-०६३ का सभामुख तारानाथ रानाभाटले संसद विघटनकै आरोप खेपे । दरबार हत्याकाण्ड, काँग्रेस विभाजन र माओवादीलाई आतंकवादी यही समयमा घोषणा भयो । पछि राजा निकट बन्दै प्रतिनिधिसभा बैठक बोलाउने हिम्मत नगरेको आरोपका कारण उनी विवादित बने ।

०६३-०७२ सम्म लामो समय सभामुख बनेका सुवास नेम्वाङलाई सरकारी जागिरेकै बनेको आरोप लाग्छ। पुनःस्थापित संसद्, पहिलो र दोस्रो संविधानसभाका सभामुख नेम्वाङ फेरि पनि सभामुखका उम्मेद्वार छन् । संविधान निर्माणका बेला सभाध्यक्ष रहेका नेम्वाङको राजधानीकै सडकहरुमा आदिवासी, जनजाति तथा मधेशी अभियान्ताले पुत्ला दहन गरेका थिए।१४ जेठ ०६९ मा उनले सभा नबोलाएकै कारण संविधानसभा विघटन भएको आरोप सधैं लाग्ने गरेको छ ।

०७२-२०७४ का सभामुख ओनसरी घर्तीमगरलाई सरकार ढाल्न र नयाँ बनाउन सक्रिय राजनीति गरेको आरोप छ । संसदको नियमित कार्यसूची पर सार्दै केपी शर्मा ओली परेको अविश्वासको प्रस्ताव अगाडि बढाएको भनी उनी आलोचित भइन् । २०७४ को प्रतिनिधिसभा निर्वाचन पछि सभामुख बनेका कृष्णबहादुर महरालाई काँग्रेसले नेकपा कार्यकर्ताको आरोप मात्रै लगाएनन्, बलात्कार आरोपमा कारागार चलाउन भए ।

अहिले फेरि को सभामुख बन्ने विवादले संसद बन्धक बनेको छ । तिनै सुवास नेम्वाङ, उपसभामुख तुम्बाहाङ्फे, अग्नी सापकोटा, देव गुरुङ र पम्फा भुसाल सभामुख पदको दाबेदार छन् ।

## फितलो ...

भएको पाईदैन । ट्राफिकले जाँच गर्नसक्ने र प्रहरीको उपस्थिति हुने स्थानमा टिपर ड्राईभरले केही गति कम गरे पनि अरु ठाउँमा अनियन्त्रित गतिमा नै गुडाउने गरेको उनको भनाइ छ ।

ओभरलोड निर्माण सामग्री राख्ने, कागजात नबोक्ने, कतिपयले सवारी अनुमति पत्र नै नभई चलाउने समस्या भइरहेको उनले बताए ।

महानगरीय ट्राफिक महाशाखाले टिपरका गतिविधि नियन्त्रण गर्न राति ९ बजेदेखि ११ बजेसम्म विशेष अपरेसन नै चलाउँछ । महाशाखा अन्तर्गतका विभिन्न इकाइहरूले रातिको समयमा विशेष रूपमा जाँच र टिपरका गतिविधि निगरानी र नियन्त्रण अभियान चलाइरहेको हो ।

**फितलो कानून**

लापरबाही गरेर यात्रुको ज्यान लिने चालक कानुनबाट सहजै उम्किने गरेका छन् । सवारी ऐन २०४९ को दफा १६१ (१) मा ज्यान मार्ने मनसायका साथ दुर्घटना गराएमा सर्वस्वसहित जन्मकैदको कडा व्यवस्था छ । तर दुर्घटना गराउने चालकलाई प्रायः सोही दफाको उपदफा (३) मा रहेको चालकले नदेखी दुर्घटना भएमा एक वर्ष कैद र दुई हजार जरिवानाको व्यवस्थाअन्तर्गत मुद्दा चलाउने गरिएको छ । अझ ज्यान गुमाएका परिवारलाई केही लाख रुपैयाँ क्षतिपूर्ति र किरिया खर्चका रूपमा दिएर मुद्दा समाप्तसमेत पारिन्छ । यसैबाट पनि टिपरका कारण ज्यान जाने घटनामा चालकले मात्र होइन, कानुन पालना गराउने निकायले समेत चरम लापरबाही गरेको पुष्टि हुन्छ । त्यसैले दुर्घटना गराएर ज्यान लिने टिपर चालकमाथि (१) नम्बरको व्यवस्थाअन्तर्गत ज्यान मुद्दा चलाइनुपर्छ ।

## तस्करीको...

वैदेशिक रोजगारीका नाममा नेपालीहरुको तस्करी भइहरहेको रहस्य खुलको थियो ।

उनीहरूलाई अष्ट्रेलिया लैजाने भन्दै जाकार्ता र बाली लगेर बन्धक बनाइ नेपालमा रहेका परिवारलाई हामी अष्ट्रेलिया पुगिसक्यौं भन्न लगाएर मानव तस्करहरुहरूले दशौं लाख रुपैयाँसम्म ठगी गरेका थिए । बीबीसीले पनि सोझा र कमजोर आर्थिक पृष्ठभूमिका नेपाली युवायुवती तथा किशोर-किशोरीको विदेशमा बेचबिखन हुने क्रम 'झनै भयावह' बन्न थालेको बताएको छ।

मानव तस्करहरुले नेपाली युवा युवतीहरुलाई भारतका प्रमुख शहर हुँदै तेस्रो देश लगेर बेचबिखन गर्ने गरेको भएपनि सरकारी निकायहरु चनाखो हुन थालेपछि तस्करहरूले नयाँ मार्ग प्रयोग गर्न थालेको अध्ययनमा देखिएको श्रोतले बतायो ।

नेपालको राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन बारेको पछिल्लो प्रतिवेदनमा नेपालीहरुलाई भारत, बंगलादेश, म्यान्मार, थाईल्यान्ड, इन्डोनेशियाका सीमा कटाएर खाडी तथा अन्य देश पुऱ्याउने गरेको उल्लेख छ। त्यस्तै चीन, बंगलादेश, श्रीलंका र अन्य देशका नयाँ मार्ग समेत प्रयोग गर्ने गरिएको पनि आयोगको निष्कर्ष छ ।

मानव तस्करीको नयाँ मार्ग सहित मानव तस्करहरुले रोजगार आकांक्षी युवा युवतीहरुलाई भाईबर, ह्वाट्सएप, ईमो लागयत सामाजिक सञ्जालबाट आकर्षक तलव र स्थायी बसोवासको ग्यारेन्टी जस्ता विज्ञापन राखी लोभ्याउने गरेको प्रहरीको अनुसन्धानमा देखिएको छ।

नेपाली युवतीहरूलाई श्रीलंका, माल्दिभ्स, मलेसियालगायत खाडीका विभिन्न देश र अफ्रिकी महादेशका केन्या र तान्जानियामा वयस्क मनोरञ्जनको क्षेत्रमा काममा लगाउने देखि अमेरिका लाने बहानामा दक्षिण अमेरिकाका विभिन्न देश हुँदै घुमाउरो बाटो लगेर अलपत्र पार्ने गरिएको पनि देखिएको छ ।

## तामाङ...

साधारण सभाले मीनप्रसाद तामाङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । सो सभाले समाजको उपाध्यक्षद्वय सोम तामाङ र शुक्र पाख्रिन महासचिवमा मोहन योञ्जन, सचिवमा कुन्छा दोर्जे डिमडोङ, कोषाध्यक्षमा तिलक तामाङ सह कोषाध्यक्षमा सोमबहादुर तामाङलाई चयन गरेको छ ।

यस्तै, कार्यसमिति सदस्यहरुमा लिल तामाङ, सुशील लामा, जय मोक्तान, शुकबहादुर तामाङ, पदमबहादुर तामाङ र टक्करबहादुर तामाङ चयन भएको महासचिव मोहन योञ्जनले मध्यान्हलाई जानकारी दिए ।

सभामा १३० भन्दा बढी तामाङ व्यवसायी एवं विभिन्न भ्रातृ संस्थाका प्रतिनिधिहरुको सहभागीता थियो ।


मलेशियामा रोजगार | कम्पनी : H & P FARM AGRICULTURE SDN BHD
शहर : PAHANG

पूर्व स्वीकृत मिति: २०७६/०९/२५ चलानी नं.: ६०१४९९२२ LT. No.: 230870

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1100 | ३०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RAYS RECRUITMENT P. LTD. ESTD 2008 Kathmandu, Nepal
Rays Recruitment Pvt. Ltd.
Dharapati Sneha koloni, Bashundhara-4, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 4374491, 4376141
E-mail: raysrecruit@gmail.com, Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066



साउदीको Landmark Group मा रोजगार



Splash centrepoint HOME BOX homecentre
Landmark Arabia Co.
पूर्व स्वीकृत मिति: २०७६/०९/१४ चलानी नं.: ६०१४९२९९ L.T. No.: 230126
पून स्वीकृत मिति: २०७६/०९/२५ पून चलानी नं.: ५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SE | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Wrapping Worker | 58 | 0 | स. काममा दक्ष | 1500 | ४५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

मलेसिया तथा गल्फ देशहरूमा Furniture Assembling, Carpenter र नेपालमा Home Decore, Carpenter सम्बन्धी कामको अनुभव भएकाहरूलाई प्राथमिकता दिइनेछ ।

यसै कम्पनीको लागि Supervisor, Asst. Manager हरूको पनि माग भै आएकोले काममा अनुभव भएका, English तथा Computer मा ज्ञान भएका, Graduates, MBA, Engineers हरुले पनि सम्पर्क गर्नुहोला । साथै Store Associate हरूको पनि माग भै आएकोले Retail मा Sales तथा Visual Merchandising को अनुभव भएकोले निःशूल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, चप्पल कारखाना, काठमाडौंमा माघ ५, ६, ७ र ८ गते (19, 20, 21 & 22 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पुनश्च : यो बिज्ञापन मिती २०७६/०९/२१ को कान्तिपूरमा प्रकाशित गरिएकोमा अर्न्तबार्ताको मिती परिवर्तन भएकोले पून: प्रकाशित गरिएको हो ।

Crown Employment Consultant Pvt. Ltd.
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Mob.: 9851128705, 9851004226, 9818547031, 9818520902, 9803056902
Email: crown1478@gmail.com/ www.crown.com .np
श्रम इजाजत नं. २३५/०५८/०५९

# विभाजित कम्युनिष्टलाई एकताबद्ध हुन अध्यक्ष दाहालको आह्वान



**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिष्ट पार्टीहरुलाई विभाजित नभइ एककजुट हुन आग्रह गरेका छन् । शनिबार पार्टी कार्यालय धुम्बाराहीमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले विभाजित कम्युनिष्ट पार्टीहरूलाई एकताबद्ध हुन आह्वान गरे ।

नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको पार्टी परित्याग गरी नेकपामा प्रवेश गरेका नेता मोहन कार्की 'जीवन्त' र नेत्री सीता कार्कीलाई पार्टीमा स्वागत गर्दै उनले भने, 'साथीहरू अप्ठ्यारो नमानिकन एकतामा आउनुहोस्, हामी सबैको उद्देश्य समाजवाद हो, देशलाई समाजवादतर्फ लैजाने आधार तयार भएको छ, अब समाजवादी एकै ठाउँमा आउनुको विकल्प छैन, म समयमै एकीकृत हुन आग्रह गर्दछु ।'

अध्यक्ष दाहालले कम्युनिष्ट आन्दोलनको शुरुका चरणमा आन्तरिक र बाह्य कारणले विभाजन र एकताको प्रक्रिया चल्दै आएको बताउँदै अहिले कम्युनिष्ट पार्टीहरूबीच एकताको लहर जारी रहेको भन्दै उनले अब कम्युनिष्टबीच एकताको विकल्प नरहेको बताए । अध्यक्ष दाहालले भने, 'विप्लवहरू एकतामा आउनुहुन्छ, अन्य साथीहरू पनि आउनुहुन्छ, तर ढिला भयो भने फाइदा गर्दैन ।'

अध्यक्ष दाहालले तत्कालीन नेकपा (माओवादी र नेकपा (एमाले) बीचको एकतापछि मुलुकमा राजनीतिक स्थायित्व, स्थिर सरकार गठनसँगै आर्थिक विकास हुँदै मुलुक समृद्धिको बाटोमा अग्रसर भएको बताए । नेता 'जीवन्त' ले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले आर्थिक विकाससँगै वैज्ञानिक समाजवादलाई पूरा गर्ने लक्षण देखेर आफूहरू पार्टी प्रवेश गरेको प्रष्ट पारे ।

## 'लोकतन्त्र बलियो बनाउन मिडिया स्वतन्त्र' : पूर्वराष्ट्रपति



**चितवन/मस–** पूर्वराष्ट्रपति डा. रामवरण यादवले लोकतन्त्र बलियो हुनका लागि मिडिया स्वतन्त्र हुनुपर्ने बताएका छन् । शनिबार चितवनमा पत्रकारका प्रश्नको उत्तर दिँदै उनले भने, 'जुन देशमा लोकतन्त्र बलियो हुन्छ, त्यहाँ मिडिया स्वतन्त्र हुन्छ ।'

विधिको शासन, सुशासन, पारदर्शी शासन र आर्थिक अनुशासन भएमा मात्र लोकतन्त्रको जग बलियो बनेर जाने उनले बताए । देशवासीको सहअस्तित्व, समुदायमा एकता, समुदायको भावनालाई जोडेर हिँड्नुपर्ने दायित्व सरकार र संघीयसभामा रहेको उनले बताए ।

तीन तहका सरकारबीचको समन्वयले मात्रै विकास सम्भव रहेको बताउँदै उनले राष्ट्रको समस्या संघीयसभाबाट समाधान गर्दै अघि बढ्नुपर्ने बताए । पूर्वराष्ट्रपति डा यादवले भौगोलिक विविधता, समुदायको विविधतालाई एक बनाउँदै पूर्ण लोकतन्त्र र गणतन्त्रको आभाष हुने गरी काम गर्नुपर्दछ भने ।

## 'चार वर्ष पार्टीको नयाँ योजना कुरे'



**चितवन/मस–** नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले कांग्रेस सभापति शेर बहादुर देउवाले पार्टी सञ्चालनका नयाँ योजना ल्याउलान भनि पर्खिएरै चार बिताएको दाबि गरेका छन् । तर, सभापति देउवासँग कुनै योजना नहुँदा समस्या आएको उनले बताए । शनिबार पत्रकार हरुसँगको कुराकानीमा महामन्त्री कोइरालाले उनले भने, 'म चार वर्षसम्म चुप लागेर बसेको हुँ । पार्टी सञ्चालनका लागि कुनै नयाँ योजना आउँछन् कि भनेर तर आएन । अबको महाधिवेशनले अहिलेको नेतृत्व परिवर्तन गर्छ ।'

शुरुमा नै पार्टी नेतृत्वको विरोध गर्दा पार्टी नै विभाजन हुने भएकाले समय कुरेर बसेको उनले बताए । अहिलेसम्म संगठन विस्तार, विभाग गठन, पार्टी सञ्चालन प्रक्रियामा कुनै स्पष्ट खाका आउन सकेको छैन डा. कोइरालाको भनाई छ ।

उनले अबका दिनमा कांग्रेसले के गर्दा देश उन्नतितर्फ जान्छ भन्ने सोच्नुपर्ने बताए । सरकारले पनि केही गर्न नसक्ने र प्रतिपक्षले पनि केही नगर्दा जनतामा निराशा छाएको उनले बताए ।

## 'राष्ट्रिय एकता र अखण्डताको रक्षाका लागि एकताबद्ध बनौं'



**रुपन्देही/मस–** उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले राष्ट्रिय एकता र अखण्डताका लागि एकताबद्ध हुन आह्वान गरेका छन् । राष्ट्रिय एकता दिवसका उपलक्ष्यमा नेपाली सेना मध्यपश्चिम पृतना मुख्यालय बुटवलद्वारा शनिबार जितगढी किल्लामा आयोजित राष्ट्रिय एकता दौड प्रतियोगिता विजेतालाई पुरस्कार गर्दै उनले विश्वसामु शिर नझुकाउने सरकारले राष्ट्रिय एकता र अखण्डताको रक्षाका लागि सबै जनतालाई एकताबद्ध बनाएर अगाडि बढाउन चाहेको धारणा राखेको उनको भनाई । ' यो खेल र दौडको मात्र कुरा होइन, राष्ट्रिय भावनामा सबैलाई एकताबद्ध बनाउने अवसर हो', उनले भने, ' हामी इतिहासको संरक्षण र प्रवर्द्धन गर्न चाहन्छौं ।'

उनले वीर नेपाली पुर्खाहरूले जीत हासिल गरेको ऐतिहासिल स्थलमा सेनाको तत्परतामा कार्यक्रम आयोजना गरी पुर्खाको सम्झना र सम्मान गरिएको बताए । 'यतिबेलाको आवश्यकता कुनै पनि पार्टी, संगठन र अभियानमा लागेका सबै नागरिकहरू म र मेरो भन्ने कुराबाट होइन, हामी र हाम्रो भन्ने चेतनाबाट जागृत हुन आवश्यक छ । तबमात्र हाम्रो मुलुकलाई गौरवशाली मुलुक भनेर सम्झन सक्छौं', उनले भने । सरकार भ्रमण वर्षको राष्ट्रिय अभियानमा लागेकाले यसलाई सफलतापूर्वक सम्पन्न गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने उनको भनाई छ । उपप्रधानमन्त्री पोखरेलले सरकारले बनाएका योजना सफल पार्न सबैको साथ र सहकार्य आवश्यक रहेको बताए ।

## राष्ट्रिय एकता दौड

राष्ट्रिय एकता दिवसका उपलक्ष्यमा नेपाली सेना मध्यपश्चिम पृतना मुख्यालयले शनिबार आयोजना गरेको भिक्टोरी म्याराथन तथा एकता दौड प्रतियोगितामा पुरुषतर्फ नेपाली सेनाका हरिकुमार रिमाल र महिलातर्फ सशस्त्र प्रहरी बलकी कान्छीमाया कोजु प्रथम भएका छन् । रिमालले फुल म्याराथनतर्फ ४२ किलोमिटरको दूरी २ घण्टा ३१ मिनेट २ सेकेण्डमा पार गरेर अग्रस्थान हासिल गरेका हुन् भने महिलातर्फ कोजुले २ घण्टा ५६ मिनेट ५१ सेकेण्डमा दौड पूरा गरे ।

इसैगरी नेपाली सेनाकै राजन रोकाय द्वितीय र कल्याण बानियाँ तृतीय भएका छन् । रोकायले २ घण्टा ३२ मिनेट २८ सेकेण्डमा दौड पूरा गरे भने बानियाँले २ घण्टा ३७ मिनेट ४ सेकेण्डमा दूरी पूरा गरेका थिए । महिलातर्फ नेपाली सेनाकी सरीता वासीले ३ घण्टा १२ मिनेट ५७ सेकेण्डमा दौड पूरा गरी दोस्रो स्थान हासिल गरिन भने ३ घण्टा ३२ मिनेट १६ सेकेण्डमा दौड पूरा गरी सशस्त्र प्रहरी बलकी कृष्णेश्वरी सिन्तकला तृतीय बनेकी छिन ।

यसैगरी पुरुषतर्फ १० किलोमिटरको दौडमा शिव रायमाझी प्रथम, श्रीकाश राई द्वितीय र गणेश सिंह ठकुरी तेस्रो भएका छन् । जसमा रायमाझीले ३३ मिनेट १५ सेकेण्ड, राईले ३३ मिनेट २५ सेकेण्ड र ठकुरीले ३३ मिनेट ४४ सेकेण्डमा दौड पूरा गरे । दश किलोमिटरको दौडमा महिलातर्फ नेपाली सेनाकै सानुमाया कार्की प्रथम, सीता सेन द्वितीय र सीता चौधरी तृतीय बने । कार्कीले ४० मिनेट २२ सेकेण्ड, सेनले ४३ मिनेट ५३ सेकेण्ड र चौधरीले ४४ मिनेट ३६ सेकेण्डमा दूरी पूरा गरे ।

यस्तै, २१ किलोमिटर पुरुषतर्फको दौडमा नेपाली सेनाबाटै प्रथम स्थानमा गजेन्द्र राई, द्वितीय स्थानमा रामजी बस्नेत र तृतीय स्थान मिलन कार्कीले हासिल गरेका छन् । राईले एक घण्टा १२ मिनेट २१ सेकेण्डमा, बस्नेतले एकघण्टा १३ मिनेट ९ सेकेण्डमा र कार्कीले एक घण्टा १४ मिनेट १५ सेकेण्डमा दौड पूरा गरे । एक्काईस किलोमिटर महिलातर्फको दौडमा एक घण्टा २६ मिनेट ३३ सेकेण्डमा दौड पूरा गरी नेपाली सेनाकै खेलाडी विश्वरुपा बुढा प्रथम, एक घण्टा ३० मिनेटमा दौड पूरा गरी नेपाली सेनाकै पूर्णलक्ष्मी न्यौपाने द्वितीय र एक घण्टा ३५ मिनेट ३५ सेकेण्डमा दौड पूरा गरी नेपाल प्रहरीकी रेखा विष्ट तृतीय बने । प्रतियोगितामा पुरुष तथा महिला म्याराथनतर्फ पहिलो हुनेले एक लाख, दोस्रो हुनेले ५० हजार तथा तृतीय हुनेलाई २५ हजार पुरस्कार प्राप्त गरे । पुरुष तथा महिला हाफ म्याराथनतर्फ पहिलोले ५० हजार, दोस्रोले २५ हजार र तृतीयले १५ हजार पुरस्कार प्राप्त गरेका छन् ।

## हनुमन्ते सफाइमा पाँच टन फोहर संकलन



**भक्तपुर/मस–** हनुमन्ते नदी सरसफाइ अभियानको शनिबार ९८औं हप्ता मध्यपुरथिमि नगरपालिका र सूर्यविनायक नगरपालिकाको सिमानास्थित मध्यपुर अस्पतालसँगैको हनुमन्ते नदीको नयाँ पुल क्षेत्रमा सरसफाइ गरिएको छ ।

सरसफाइमा पाँच टन फोहर संकलन भएको हनुमन्ते सफाइ अभियानका सफाइदूत एवं चलचित्र निर्देशक मदन घिमिरेले बताए । अभियानमा नेपाली सेनाको वीरदल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरीको टोली, विभिन्न सामाजिक संघसंस्थाहरूका टोली एवं प्रतिनिधिको हनुमन्ते सफाइ अभियानका अभियन्ताहरूलगायतको सहभागिता रहेको सफाइ अभियानका सडक, पुल, नदी क्षेत्र र नदी किनारामा फालिएका फोहरहरू संकलन गरिएको थियो ।

सय हप्तासम्मका लागि शुरु भएको हनुमन्ते सफाइ अभियान ९८औं हप्ता पुगेको र १०० हप्ता भव्य रुपमा मनाइने तयारी गरेको छ । सय हप्तापछि सफाइ अभियान स्थानीय तहलाई जिम्मेवारी दिने तयारी गरिएको छ ।

## सरकार उपत्यका बाहिरको विकाशमा जुटेको छ : राज्यमन्त्री मानन्धर



**काठमाडौं/मस–** सहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले सरकार नयाँ सहर निर्माणमा लागेको बताए । शनिबार म्हैपी संरक्षण तथा व्यवस्थापन समितिको १७औं वार्षिक साधारणसभा म्बिोधन गर्दै उनले उपत्यका नजिकका क्षेत्रमा नयाँ सहर निर्माणमा सरकार लागेको बताएका छन् । ' उपत्यकाभित्र हैन, उपत्यकाबाहिर नयाँ सहर निर्माणका लागि डिपिआर बनाउने काम भइरहेको छ,' उनले भने ।

राज्यमन्त्री मानन्धरले उपत्यकाभित्रको बाग्मती, धोबीखोला करिडोरलाई व्यवस्थित बनाउन सरकार लागिरहेको उल्लेख गरे । बाग्मती व्यवस्थापन गर्न नसकिए काठमाडौं व्यवस्थित हुन नसक्ने उनको भनाइ छ । सरकारले धेरै ऐन कानून निर्माण गर्नुपर्ने भएकाले विकास निर्माणका काम सोचेजस्तो अगाडि बढाउन नसकेको स्वीकार गरे । ऐतिहासिक र सांस्कृतिक महत्वको धनी उपत्यकामा नेपाल भ्रमण वर्षमा जतिसक्दो धेरै पर्यटक भित्र्याउन लाग्नुपर्ने उनले बताए ।

पूर्वमन्त्री रामकुमार श्रेष्ठले म्हैपी क्षेत्रको विकासका लागि सबै एकजुट हुनुपर्ने बताए । ' आफ्नो लागिभन्दा पनि समाजका लागि काम गरौं', उनले भने । समितिका अध्यक्ष कृष्णमान श्रेष्ठले म्हैपी मन्दिरसम्म जानका लागि घुम्ती बाटो निर्माण अहिलेको प्राथमिकता भएको बताए । 'घुम्ती बाटो निर्माणका लागि काठमाडौं महानगरपालिकाले गरेको ५० लाख सहयोगले मात्रै हुन सक्दैन',क अध्यक्ष श्रेष्ठले भने । विसं २०५८ मा म्हैपी मन्दिर र वन क्षेत्रको संरक्षणका लागि स्थापना भएको समितिले हाल म्हैपी मन्दिरलाई नमूना मन्दिरका रुपमा विकास गर्न विभिन्न किसिमका सामाजिक काम गर्दै आइरहेको छ ।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



HK
Cleaners/House Keeping/ Laundry man, Room boy

KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# नेकपाको नैतिक बल

बलात्कार जस्तो गम्भीर आरोप लागेपछि कृष्णबहादुर महराले गत असोज १४ गते सभामुख पदबाट राजीनामा दिए। व्यवस्थापिकाको प्रमुखलाई लागेको गम्भीर आरोपबारे अन्तर ाष्ट्रिय आमसञ्चार माध्यमहरूले महत्वका साथ सामग्री प्रस्तुत गरे। पुपर्क्षका लागि थुनामा राखेर महरामाथि लागेको आरोपको अनुसन्धान भइरहेको छ। महराको नैतिकमाथि उठेको प्रश्नबारे अदालतको अन्तिम निर्णय आउन बाँकी छ। महराको राजीनामा स्वीकृत भए सँगै यो तीन महिना संसदको नेतृत्व उपसभामुख शिवमाया तुम्बाहाङ्फेले गरिन्।

तर, शनिबार दिउँसो बसेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले उपसभामुख तुम्बाहाङ्फेसँग राजीनामा माग्ने निर्णय गरेको छ। संसदीय भाषा र अभ्यासका कारण उपसभामुखलाई आग्रह भने पनि यो निर्णय निर्देशन नै हो। नेकपाले यस अगाडि नै सभामुख पद नछोड्ने निर्णय गरिसकेकाले उपसभामुखको राजीनामा निश्चित थियो। किनभने, एउटै दलबाट सभामुख र उपसभामुख बन्न नमिल्ने वैधानिक व्यवस्था छ।

यो सवै अवस्था बुझेकी उपसभामुख तुम्बाहाङ्फेले पहिले नै राजीनामा गरेकी थिइन् भने नेकपा निर्णयकै आवश्यकता पर्दैनथ्यो। तर, उपसभामुखले त्यसो गरिनन्। आफ्नो सुविधा युक्त कुनै पद सुनिश्चित नभएसम्म राजीनामा नदिने अड्डी लिइन्। अन्ततः नेकपाकै निर्णय आए पछि उपसभामुखसँग राजीनामाको विकल्प बाँकी रहेन्। किनभने, उपसभामुख संसदीय मोर्चामा स्वतन्त्र भए पनि दल परित्याग गरेको मानिदैन। यसो हुनाले एउटा दलका सदस्यका रूपमा तुम्बाहाङ्फेले पार्टी निर्णय मान्नुपर्ने हुन्छ।

अर्कोतर्फ उपभामुखको अडानमा बलियो राजनीतिक काँध रहेको अनुमान लगाउन गाह्रो पर्दैन। किनभने, शीर्ष नेताहरूको निर्णय विरूद्ध उभिनुलाई सामान्य राजनीतिक सामर्थ्यले पुग्दैन। अतः एउटा पुरूष नेताले गरेको गल्तीको कारण अर्का महिलाले पद गुमाउनु जति दुर्भाग्य हो। त्यो भन्दा पनि खतरनाक भने नेकपा नेतृत्वको दृष्टिकोण र त्यहाँभित्र चलिरहेको राजनीति हो। किनभने, नेताहरूकै स्वार्थमा लिइने अडान र निस्कने परिणामले नेपालको संविधानको भावनालाई सम्मान गरिरहेको छैन। संविधानले समावेशी लोकतन्त्रलाई ऐतिहासिक उपलब्धी भनेको छ। तर, नेकपाभित्र जस्तो परिदृष्य देखिदैछ, त्यो संविधानको भावना बिपरीत छ। नेकपाको पार्टी संरचना, संघीय देखि प्रदेश मन्त्रिपरिषद र व्यवस्थापिका समेत पुरूष प्रधानता कायमै राख्नुले परिवर्तनको आभाश गराइरहेको छैन। बरू, संविधान कार्यान्वयनको कार्यभार प्राप्त दल र उक्त दलको सरकारसँग नैतिक बल भने कमजोर बनेको छ।

## सामाजिक सञ्जाल



सभामुखको उम्मेदवारीबारे सत्तारूढ दलको मूलतः असहमतिको कारण सूचना टाँसेर प्रतिनिधिसभा बस्ने दिन लम्ब्याउँदै जानु, सार्वभौम जनताको हक र अपेक्षाको सीधै अपमान हो।

**- दमननाथ ढुंगाना**



पद, पैसा र पावर भएकाले जे बोले पनि भाइरल बनाउने सामाजिक सञ्जाल एउटा युवक अवैध खोला उत्खननको विरोधमा मारिदा पनि चुप छ, अस्ट्रेलियामा जलेका जनावरप्रति समबेदना दिनेहरूको मानवता यी युवकको निर्मम हत्या हुँदा कहाँ हरायो ? नेपालको सामान्य जनताको लाशको मूल्य धनि देशको जनावरको भन्दा पनि कम हो ?

**- सृजना**



यस्तो लाग्छ, देउवाको भान्छामा पौडेल र पौडेलको भान्छामा देउवा जानु हुँदैन। प्रष्ट छ, झगडा सिद्धान्त, आस्था र विचारको होइन, व्यक्तिगत प्रतिष्ठाको ! वास्तवमा दुवैलाई नकारी, नयाँ पिँढीले मोर्चाबन्दी गरी विचार र सिद्धान्तको आधारमा नयाँ धार नल्याए नेका सिद्धियो।

**- कृष्ण घिमिरे**



सहानूभुति देखाएर कमजोरै बनाई राख्नेहरू भन्दा चित्त दुखाएर इख जन्माइदिनेहरू कैयौं गुणा ठीक।

**- हेमन्त जोशी**



### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक

इमेल: article.madhyanhadaily@gmail.com


# हिंसा अन्त्यको अभियान



■ डा. विन्दा पाण्डे

“ आज संसारभर महिलाविरूद्ध हुने हिंसाको उजुरी र कारबाही दुवै बढेको भनिन्छ। हाम्रै सन्दर्भमा पनि यो सत्या प्रतिदिन बढिरहेको छ। हामी चर्चा गर्दै छौँ, हिंसा बढेको वा उजुरी ? तर, हिंसाको तुलनामा कति कम मात्र उजुरी हुने गर्दछ भन्ने कुराको उदाहरण उक्त अध्ययनले पनि देखाएको छ।

महिलाविरुद्ध हिंसा नेपाली समाजका लागि एउटा प्रमुख मुद्दाका रूपमा रहँदै आएको छ। कानुनी र नीतिगत रूपमा हेर्दा नेपाली समाज अन्य मुलुकभन्दा लैङ्गिक दृष्टिकोणमा अग्रगामी छ। राज्यको निर्वाचित निकायमा महिलाको सहभागितामात्र होइन, संविधानले सुनिश्चित गरेका वंशीय र अंशीय हक, समान कामको समान पारिश्रमिक र सेवा सुविधालगायतका कुराहरू अनुकरणीय छन्। तर, कार्यान्वयनका सन्दर्भमा भने अझै समस्या छन्। आन्दोलन सडकमा रहँदासम्म समान नागरिकको नीति र नारामा लामबद्ध राजनीतिक नेतृत्व, राज्य संयन्त्र र दलगत संरचना कानुनमा तोकिएको हदसम्म पनि सत्ता र शक्ति साझेदारी गर्ने विषयमा पुरातनपन्थी मानसिकताबाट अझै मुक्त हुन सकेका छैनन्। जसका कारण आन्दोलनको भावना र कानुनी प्रावधानसमेत व्यवहारमा उतार्न चुकिरहेकै अवस्थामा महिलाविरुद्ध हिंसा अहिले नेपाली समाजको एउटा प्रमुख मुद्दा बनेको छ। जुन राजनीतिक क्षेत्रमा समेत यत्रतत्र देखिन थालेका छन्।

राजनीतिमा महिला हिंसा

समाजलाई दिशानिर्देश गर्ने राजनीतिले हो। तर, राजनीति आफैँमा महिलाविरुद्ध हुने हिंसा मुक्त छैन। यो समस्या विश्वभर नै रहेको छ। यस विषयमा अन्तर संसदीय संघ (आईपीयू) ले खासगरी हरेक मुलुकको नीति र कानुन बनाउने संस्था संसद्मा हिंसाको अवस्था के छ भनेर सन् २०१६ मा ३९ वटा मुलुकका सांसदबीचमा अध्ययन गरेको थियो। अध्ययनको नतिजा विकराल नै देखियो। अध्ययनमा सहभागी ८० प्रतिशतभन्दा बढी महिला सांसदले संसद्भित्रै मनोवैज्ञानिक हिंसा अनुभूत गरेको र ५८ प्रतिशतले सामाजिक सञ्जालमार्फत हिंसात्मक धम्की आउने गरेको बताएका थिए। ६५ प्रतिशत सांसदले आफ्नो शारीरिक बनोट र पोसाकका बारेमा गरिने टिप्पणीले असहज महसुस हुने कुरा बताए भने २५ प्रतिशतले शारीरिक रूपमा नै हिंसा भोगेको बताएका थिए। २० प्रतिशत महिला सांसदले सहकर्मीबाटै यौनहिंसा अनुभूत गर्ने गरेको कुरा बताए भने सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट हत्या, बलात्कार र कुटपिटको धम्की बेहोर्नेको संख्या पनि रहेको पाइयो। हिंसाका यस किसिमका घटना बेहोर्नेको संख्या कम उमेर भएका सांसदको देखियो। संसद्भित्र आफ्नैजस्तो हैसियत भएका सहकर्मी पुरुष सांसदबाट यस्तो हिंसा बेहोर्नु पितृसत्तात्मक सोच र मनोविज्ञानको चरम उदाहरण हो।

उक्त अध्ययनपछि तुलनात्मक रूपमा अन्यभन्दा विकसित भनिएको मुलुकको अवस्था के छ भनेर २०१८ मा युरोपका ४५ वटा मुलुकमा त्यही किसिमको अध्ययन गरियो। र, यसपटक संसद्मा काम गर्ने कर्मचारीलाई पनि समेटियो। अध्ययनको नतिजा खासै फरक आएन। उक्त अध्ययनमा सहभागी महिला सांसदमध्ये ८५ प्रतिशतभन्दा बढीले मनोवैज्ञानिक हिंसा, झन्डै ४७ प्रतिशतले बारम्बार मारिदिने, बलात्कार गर्ने वा कुटपिटको धम्की, ४२ प्रतिशतले सामाजिक सञ्जालमार्फत गरिने यौनजन्य हिंसा र ६८ प्रतिशतले लवाइखवाइ र शारीरिक बनावटमाथिको टिप्पणीमूलक हिंसा भोगेको बताएका छन्। अध्ययनको यो आँकडा सोचिएकोभन्दा बिल्कुल खराब थियो। त्यसैगरी, महिला कर्मचारीमध्ये सांसद र उपल्लो दर्जाका सहकर्मीबाट ५० प्रतिशतले यौनजन्य टिप्पणी र ४० प्रतिशतले यौनजन्य हिंसा भोगे। जुन क्रमशः ६९ र ६१ प्रतिशत हिंसाका पीडक पुरुष सांसद नै थिए।

तर, उजुरीको अवस्था सन्तोषजनक छैन। आईपीयूको सोही अध्ययनको तथ्याङ्कले भन्छ, हिंसा भोगेका सांसदहरूमध्ये २३.५ र कर्मचारीमध्ये छ प्रतिशतले मात्र उजुरी गरे भने धम्कीको घटनामा ५० प्रतिशत सांसदले सुरक्षा निकायमा उजुरी गरेको पाइयो। संसद्भित्रका घटनाको पनि यति कम उजुरी हुनुका कारण पहिलो, कार्यथलोमा यस्ता घटनाको उजुरी गर्ने संयन्त्रको अभाव, दोस्रो सुरक्षा निकायमा उजुरी गर्न जाँदा उल्टै पीडितको इज्जत र प्रतिष्ठामाथि समाजले औँला उठाउने डर र तेस्रो समयमा कारबाही हुने र न्याय पाउने विश्वासको अभाव रहेको पाइन्छ।

आज संसारभर महिलाविरुद्ध हुने हिंसाको उजुरी र कारबाही दुवै बढेको भनिन्छ। हाम्रै सन्दर्भमा पनि यो सङ्ख्या प्रतिदिन बढिरहेको छ। हामी चर्चा गर्दै छौँ, हिंसा बढेको वा उजुरी ? तर, हिंसाको तुलनामा कति कम मात्र उजुरी हुने गर्दछ भन्ने कुराको उदाहरण उक्त अध्ययनले पनि देखाएको छ। अध्ययनका सहभागीले भनेका छन्, संसद्लाई पूर्णतः हिंसामुक्त क्षेत्र घोषणा गरिनुपर्छ। जो जसमाथि घटना हुन्छ उनीहरूले गोपनीयताको सुनिश्चिततासहित आवश्यक सहयोग पाउने व्यवथा हुनुपर्दछ। यसका लागि आवश्यक संयन्त्रमा सबैको सहज र विश्वसनीय पहुँच हुनुपर्दछ। हिंसा के हो र के होइन ? भन्ने विषयको साथै हिंसा गरेमा के हुन्छ ? उजुरी कहाँ र कसरी गर्ने भन्नेबारेमा सांसद, कर्मचारी र सबै सरोकारवाला पक्षको पूर्ण जानकारीका लागि नियमित रूपमा तालिम/प्रशिक्षणको व्यवस्था गरिनुपर्दछ। त्यसका साथै, नीति, नियम र संयन्त्रको व्यवस्था र जानकारीपछि पनि अवस्था के छ ? भनेर नियमित रूपमा सूचना सङ्कलन गर्ने, त्यसलाई सार्वजनिक गर्ने र हिंसा शून्य संसद्का लागि थप उपाय सोचिनुपर्दछ भन्ने कुरा उल्लेख छ।

यही अध्ययन प्रतिवेदनका आधारमा आईपीयूले संसद्लाई हिंसा मुक्तक्षेत्र बनाउने प्रयासस्वरूप यस वर्षको महिलाविरुद्ध हुने हिंसा अन्त्यको १६ दिने अभियान सुरु भएकै दिन नोभेम्बर २५ मा हिंसाविरुद्ध गाइडलाइन प्रिन्सिपल अर्थात् निर्देशिका जारी गरेको छ। र, उक्त निर्देशिकाका आधारमा आईपीयूका सदस्य राष्ट्रहरूले संसद्लाई हिंसाक्षेत्र बनाउन पहल गर्ने अपेक्षा राखिएको पाइन्छ। त्यसैगरी, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) ले आफ्नो शतवार्षिकी मनाउँदै गर्दा सन् २०१९ जुनमा हिंसा र दुरुत्साहनमुक्त कार्यथलो बनाउनेबारेमा महासन्धि नं. १९० पारित गरेको छ। र, आज उक्त महासन्धि संसद्बाट अनुमोदन गरी राष्ट्रिय कानुनको पाटो बनाई कार्यान्वयनमा लैजाने सन्दर्भमा धेरै सदस्य मुलुकहरूले प्रक्रिया सुरु गरेका छन्।

नेपाल सन्दर्भ

हाम्रो सन्दर्भलाई हेर्दा गत जेठ १६ गते नै नेपाल सरकारले २०७६ लाई महिलाविरुद्ध हिंसा न्यूनीकरणको अभियान वर्षका रूपमा घोषणा गरेको छ। विश्वभरका संसद्का लागि आईपीयू निर्देशिका र आईएलओको महासन्धि बन्नुपूर्व नै नेपालले कार्यथलोमा हुने यौनजन्य हिंसा (कसुर र सजाय) सम्बन्धी कानुन २०७२, महिलाविरुद्ध हिंसाका सन्दर्भमा घरेलु हिंसा (कसुर र सजाय) कानुन २०६६, बोक्सीको आरोप (कसुर र सजाय) २०७२, मुलुकी अपराधसंहिता ऐन २०७४ लगायत पारित गरिसकेको छ। यसरी नीति र कानुनी रूपमा हेर्दा नेपाल महिलाविरुद्ध हिंसा अन्त्यको पहलमा अग्रणी देखिन्छ। तर, मुलुकमा हिंसा कम भएको अनुभूति अझै हुन सकेको छैन। समाज दिनदिनै अपराधजन्य हिंसाका घटनाबाट आक्रान्त छ। विद्यमान कानुनहरूको कार्यान्वयनमा रहेको फितलोपनका कारण आज पनि मुलुकका केही भागमा शारीरिक परिपक्वताका रूपमा हुने महिनावारी र समाज निरन्तरताका लागि हुने सुत्केरी अवस्थामा समेत अन्धविश्वासयुक्त परम्पराको नाममा अमर्यादित, अमानवीय र असुरक्षित रूपमा महिलाहरू छाउगोठमा बस्न बाध्य छन्। बलात्कार र हत्याका घटना डरलाग्दो अवस्थामा छ। घरेलु हिंसामा कमी आएको छैन। अन्धविश्वासका रूपमा बोक्सी-डायनीका नाममा हुने हिंसा कायमै छ। अझ साइबर क्राइम र एसिड प्रहारजस्ता अपराधपूर्ण हिंसा नयाँ रूपमा फैलँदो छ।

यस किसिमको हिंसाबाट आमनागरिकमात्र होइन, जनप्रतिनिधि र सम्बद्ध संस्थामा आबद्ध महिलासमेत पीडित बनेका समाचारहरू बारम्बार आउनु विडम्बना नै बनेको छ। जसका कारण अखबारहरूले ‘कार्यथलोलाई हिंसामुक्त गर’ भनेर सम्पादकीय नै लेख्न थालेका छन्।

यस अवस्थालाई दृष्टिगत गरी केन्द्रीय संसद्देखि प्रदेश र स्थानीय तहसम्मका जनप्रतिनिधि र सम्बद्ध पक्षहरूबीचमा हिंसाका रूप र त्यसको अन्त्यका लागि बनेका राष्ट्रिय अन्तर्राष्ट्रिय नीति, कानुन र निदेएशिकामाथि छलफल गर्नुका साथै आवश्यक संयन्त्रको व्यवस्था गर्दै कानुन कार्यान्वयनलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। यसका लागि हिंसाविरुद्ध अभियान वर्ष-२०७६ लाई उपलब्धिमूलक बनाउन राज्यले सबैका बीचमा समन्वय गरेर अगाडि बढ्न जरुरी छ। यसका लागि पश्चिम नेपालमा जारी छाउगोठ अन्त्यको अभियानलाई निर्णायक बनाउनु आवश्यक छ। त्यसैगरी, अन्य प्रदेशमा समेत रहेका बोक्सी, छुवाछूत, दाइजो-तिलक, घरेलु हिंसालगायत अन्त्यका लागि घनिभूत रूपमा लाग्नु जरुरी छ। साइबर क्राइमको कानुन कार्यान्वयनमा जोड दिन जरुरी छ भने एसिड प्रहारजस्ता जघन्य अपराधबारे आवश्यक परे थप कानुन बनाउने पहल गरिनुपर्दछ। समग्रमा भन्दा, हिंसाविरुद्ध हामी आफैँले बनाएका नीति, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता गम्भीरतापूर्वक लागू गरिनुपर्दछ।

*(पाण्डे प्रतिनिधिसभा सदस्य हुन्।)*

# सामाजिक सुरक्षा योजनामा सहभागी हुन बैंकलाई कठिन



मनोज झवाली

सरकारले योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी ऐन-२०७४ ल्यायो तत्पश्चात नायमावली र कार्यविधि बनाएर धुमधामका साथ 'नयाँ युगको सुरुवात' भन्दै मंसिर २०७५ मा सामाजिक सुरक्षा कार्यक्रम घोषणा गरायो। यसको अवधारणा, लक्ष्य र सोच अत्यन्तै सह्रानीय र सकारात्मक हुँदा पनि किन अपेक्षित स्वागत पाएन भन्ने प्रश्नमा एकछिन घोत्लिनैपर्दछ।

कर्मचारी कै हकहितमा ल्याएको र सरकारले ठूलै तामझामका साथ घोषणा गरेको सामाजिक सुरक्षा कोषमा बैंकहरू किन दर्ता हुन आनाकानी गरे ? किन कर्मचारीहरू यो सरकारको कार्यक्रममा समावेश हुन चाहेनन्। किन अनुपालनको दृष्टिकोणले सधैं अघि रहने बैंकिङ क्षेत्र सरकारको यो कार्यक्रमको थपिएको समयसीमाभित्र पनि अपेक्षित रूपमा दर्ता हुन सकेन ? दर्ता भएका संस्थाहरूले पनि किन योगदान रकम पठाएका छैनन् ? यस सम्बन्धमा मेरो जानकारीमा आएका बुँदाहरू निम्नानुसार छन्।

**-बैंकहरूले कुन(कुन बुदामा सरकारले उपयुक्त संशोधन गरिदेओस् भन्ने अपेक्षा राखेको हुनुपर्छ ?**

क) सरकारी कर्मचारीहरूको योगदानमा आधारित सामाजिक सुरक्षाका लागि ल्याइएको निवृत्तिभरण कोष ऐन-२०७५ र निजी क्षेत्रका कर्मचारीहरूको योगदानमा आधारित सामाजिक सुरक्षाका लागि ल्याइएको सामाजिक सुरक्षा ऐन र कार्यविधिमा विभेद गरिएको छ। एउटै रकम योगदानमा प्राप्त हुने पेन्सन रकम फरक-फरक हुने। भुक्तानीमा करका दरहरु फरक हुने। ऋण तथा भुक्तानीका शर्तहरु फरक हुने। यस्ता फरकहरुमा छलफल गरी एकरुपता ल्याउनु पर्ने। सरकारी कर्मचारीलाई १२ प्रतिशत योगदानमै दिइएको सुविधा निजी क्षेत्रका कर्मचारीलाई ३१ प्रतिशत योगदान गर्दा समेत नपाइने प्रावधान विभेदकारी छ, यसमा उचीत परिमार्जन हुनुपर्दछ।

ख) निभृतिभरण कोष ऐन-२०७५ अनुसार सरकारी कर्मचारी २० वर्ष सेवा अवधि पूरा नहुँदै जुनसुकै कारणवश सेवामा नरहेमा उनको व्यक्तिगत खातामा जम्मा भएको रकम, ब्याज र मुनाफासमेत उनले पाउँछन्। निजी क्षेत्रका कर्मचारीले यो सुविधा पाउँदैनन्। उनले पेन्सन पाउन ६० वर्ष उमेरसम्म कुर्नैपर्ने हुन्छ।

ग) बैंक तथा वित्तीय संस्थाहरूमा कर्मचारीहरूको जागिर अवधि ५८ वर्षसम्म रहने हुँदा ५८ वर्षमै अवकाश हुन्छन् तर सामाजिक सुरक्षा कोषको व्यवस्थाअनुसार ६० वर्ष पुगिसकेपछि मात्रै निवृतिभरणबापतको भुक्तानी प्राप्त हुन्छ। यो उमेरको अन्तरको कारण पर्न जाने समस्यालाई उचित संशोधन गरेर कोष अघि बढ्नुपर्ने देखिन्छ।

घ) सरकारी कर्मचारीलाई सञ्चयकोषमा रहेको रकम र त्यसबापतको नाफामा कुनै पनि प्रकारको आयकर लाग्दैन। निजीमा भने कोषमा रकम पठाउँदा नै बढीमा ३६ प्रतिशत र पछि त्यो रकम पाउने बेलामा थप १५ प्रतिशत कर तिर्नुपर्छ। बैक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूले आयकरबापत ३६ प्रतिशतसम्म कर तिर्दछन भने अवकाश भुक्तानीमा पनि १५ प्रतिशत फेरि कर तिर्नुपर्ने व्यवस्था छ। यो दोहोरो कर व्यवस्था संशोधन हुनुपर्ने देखिन्छ।

ङ) कोषमार्फत निभृतभरण तथा भुक्तानी पाउन १८० महिनाको योगदान गर्नुपर्ने हुन्छ र ६० वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था छ। सिइओलगायतका अन्य पदहरू पनि करारमा नियुक्ति हुन्छ। यसरी करारको पदावधि ६ महिनादेखि चार वर्षसम्म हुन्छ। करारका कर्मचारीहरूको योगदान १८० महिना पुग्न सक्ने देखिँदैन। यसरी उनीहरूको योगदान रकम फिर्ता सम्बन्धमा छुट्टै व्यवस्था हुनुपर्ने देखिन्छ।

च) बैंकिङका धेरै कर्मचारी ४३ वर्ष नाघिसकेका छन्। यसर्थ अब हुने योगदान १८० महिना नपुग्ने देखिन्छ। यो सम्बन्धमा आवश्यक व्यवस्था हुनुपर्ने देखिन्छ। यस सम्बन्धमा संशोधित कार्यविधिको बुँदा नं २३ ले समेटेर एकमुष्ट भुक्तानीको व्यवस्था गरेको अवस्था छ, तर २०७६ श्रावणपछि जागिर सुरु गर्ने र १५ वर्ष योगदान नगरी छोड्नुपर्ने अवस्थामा के हुने भन्ने कुरा अन्येल नै देखिन्छ।

छ) हाल कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषमा जम्मा रकममा आवश्यक पर्दा ९० प्रतिशतसम्म रकम सुलियतपुर्ण दरमा ऋण पाइन्छ र कर्मचारीहरूले सानोतिनो घर घडेरी किन्न, छोराछोरी पढाउन र अन्य व्यक्तिगत समस्या समाधान गर्न प्रयोग गर्दछन्। तर, सामाजिक सुरक्षा कोषमार्फत उक्त व्यवस्था थप गरिएको छैन। ‘जहाँसम्म पहिलेको ऋण सापटी वा सञ्चयकर्ताहरूले पाइरहेका सुविधा अनि उनीहरूको त्यहाँ जम्मा भएको रकमको प्रश्न छ त्यसबारे चाहिँ हामी संस्थागत रूपमै छलफल गरेर समाधान निकाल्छौं’ भन्ने पदाधिकारीहरूको सार्वजनिक अभिव्यक्ति आए पनि कर्मचारी सञ्चयकोष या नागरिक लगानी कोषसरह ऋण दिने गरि कार्यविधि आएको छैन।

ज) सामाजिक सुरक्षा कार्यक्रमको केन्द्रमा ‘वृद्ध अवस्था सुरक्षा योजना’ नाम दिइएको पेन्सन योजना छ, जसमा श्रमिकको कुल तलबको २८.३३ प्रतिशत रकम छुट्याइन्छ। १५ वर्ष नियमित योगदान गरेको श्रमिकको कुल रकम तथा कोषले गरेको लगानीको प्रतिफल समेत जोडी त्यसलाई १८० महिना (१५ वर्ष) ले भाग गर्दा हुन आउने रकम ६० वर्षको उमेर पुगेपछि मासिक पेन्सनका रूपमा दिने योजना अघि सारिएको छ। तर, लगानी र प्रतिफल हिसाबले गर्दा यो आकर्षक देखिएको छैन। यो व्यवस्थाभन्दा त बिमा कम्पनीको पेन्सन प्रडक्टहरू धेरै आकर्षक छन्, यसमा उचित पुनरावलोकन हुनुपर्दछ।

**२. सामाजिक सुरक्षा कोषमा दर्ता प्रतिष्ठानहरू कति छन् ?** केन्द्रीय तथ्यांक विभागका अनुसार नेपालमा रहेका ९ लाख २३ हजार व्यावसायिक प्रतिष्ठान ४ लाख ६२ हजार व्यावसायिक प्रतिष्ठान मात्र सरकारी छन्। यी दर्ता भएका प्रतिष्ठानमध्ये अभियानमा सहभागी भएकाको संख्या अन्यन्तै न्यून देखिएको छ। हालसम्म कोषमा ११ हजार ७ सय ९७ रोजगारदाता र १ लाख ३१ हजार ५७७ योगदानकर्ता कोषमा सूचीकृत भएका छन् र २६.५२ करोड योगदान जम्मा भएको छ। पर्याप्त छलफल तथा आवश्यक परिमार्जनपश्चात यो अभियान अगाडि बढाएमा यसमा सबै प्रतिष्ठानहरू दर्ता हुने स्थिति रहन्छ र हुनुपर्दछ पनि।

**३. सामाजिक सुरक्षा कोषमा दर्ता नभएमा के कारबाही हुन्छ ?** सामाजिक सुरक्षा कोषमा दर्ता नहुने प्रतिष्ठानलाई कानुनअनुसार सरकारले दिने सेवासुविधाबाट वञ्चित गराइने, सामाजिक सुरक्षा कोषमा नआए कर चुक्ता नगर्ने, दर्ता नवीकरण भएर चल्ने संस्थाहरूलाई नवीकरण नगर्नेलगायत कारबाही गर्ने, सरकारी सिफारिस अनुमति चाहिने हुन्छ त्यो अवस्थामा सामाजिक सुरक्षा कार्यक्रममा सहभागी नभई नदिनेजस्ता कारबाहीबाहेक अरू मौद्रिक या अन्य कारबाही प्रस्ट नभएको अवस्था छ। यद्यपि, सरकारले ल्याएको महत्त्वपूर्ण कार्यक्रममा बैंकिङजस्तो अनुशासित क्षेत्रले साथ नदिई साख बचाइराख्न मुस्किल पर्छ नै। अब नेपाल राष्ट्र बैंकबाट समेत निर्देशन जारी भइसकेको अवस्थामा बैक तथा वित्तीय संस्थाहरूलाई सामाजिक सुरक्षा कोषमा दर्ता हुन बाध्यकारी अवस्था सिर्जना भएको देखिन्छ।

**४. सरकारले यसअघि पनि यसै शीर्षकमा पैसा उठाएको छ कि छैन ?** उपयोग कसरी भएको छ ? सरकारले सामाजिक सुरक्षाका लागि भन्दै आर्थिक वर्ष २०६६/०६७ देखि कर्मचारी तथा मजदुरबाट मासिक पारिश्रमिकको १ प्रतिशत रकम लिँदै आएको छ र यो रकम २२ अर्ब नाघिसकेको छ। तर, कबोलबमोजिम त्यसको लाभ सरकारले कुनै कर्मचारी वा आश्रितलाई दिएको छैन।

**५. ३१ प्रतिशत योगदानको बाँडफाँट कसरी गर्ने व्यवस्था छ ?**
- औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाका लागि १ प्रतिशत
- दुर्घटना तथा अशक्तता सुरक्षा योजनाका लागि १.४० प्रतिशत
- श्रित परिवार सुरक्षा योजनाका लागि ०.२७ प्रतिशत
- वृद्ध अवस्था सुरक्षा योजनाका लागि २८.३३ प्रतिशत

**६. के हुनुपर्छजस्तो लाग्छ ?**

सरकारले जुन लक्ष्य, सोच र अबधारणा अनुसार यो सामाजिक सुरक्षा सम्बन्धी ऐन, विनियमावली र कार्यबिधि ल्यायोस सह्रानिय छ। यसले वास्तव मै श्रमिक र कर्मचारीको हित गर्ने उधेश्य नै लिएको छ। पहिलो पटक कुनै व्यवस्था गर्नुपर्दा सुधार गर्नु पर्ने धेरै कुरा हुन सक्दछन र सुधार निरन्तर प्रकिया पनि हो। कुनै नयाँ व्यबस्था ल्याउँदा पुरानो व्यबस्था अनुसार कर्मचारीले खाई पाई आएको सेवा सुविधामा कटौती या कमी हुने गरेर ल्याउन नपाईने सामान्य सिद्दान्त छ नै। यसर्थ बैकिङ क्षेत्रबाट उठाईएका उचित र परिमार्जन योग्य बुंदाहरुमा छलफल गरी उपयुक्त संसोधन गरेर अघि बढ्नुपर्दछ। यसलाई भनय को रुपमा लिएर अघि बढ्नु हुँदैन। लगानी र प्रतिफलको विश्लेषण उचित रुपमा हुनुपर्दछ। सरकारको नीति तथा कार्यक्रमलाई सफल पार्ने भूमिकामा अघि रहनु बैकिङ जस्तो शुसाशित क्षेत्रको कर्तव्य हो भने बैकिङ मार्फत उठाइएका उचित मागहरु उपर छलफल गरेर कार्यविधिलाई व्यवहारिक बनाइ लागु गर्नु सरकारको उत्तदायित्व पनि हो। छलफल मार्फत सामाजिक सुरक्षा कोषलाई उत्प्रेणामुलक, विभेदमुक्त र व्यवहारिक बनाँ अनि बैकिङ मात्रै होइन सबै प्रतिष्ठानहरुलाई समेटौं।

सामाजिक सुरक्षा कोषमा योगदान गर्ने या नगर्ने सम्बन्धको ब्यबस्था ऐच्छिक बनाई अघि बढ्दा सहज हुने देखिन्छ। रोजगारदाताहरु कर्मचारी संचयकोष, नागरिक लगानी कोष र सामाजीक सुरक्षा कोष तिनै वटा संस्थामा दर्ता हुने र कर्मचारीहरुलाई उसको योगदान कहाँ जम्मा गर्ने र कुन व्यवस्था अनुरुप जाने भन्ने कुरा ऐच्छिक छोडिदिदा, सबै प्रतिष्ठानहरु सामाजिक सुरक्षा कोषमा तत्कालै दर्ता हुन्थे। सामाजिक सुरक्षा कोषका सेवा सुबिधा हेरेर सबै कर्मचारी र श्रमिकहरु विस्तारै यो कोष मै योगदान गर्छन किनभने कोषले पेन्सन मात्र होईन आश्रितहरुको रक्षा र बिमा योजना पनिसंगै लाएर अघि बढेको छ अनि कोषका व्यबस्थाहरु पनी आवश्यकता अनुसार परिमार्जन हुँदै जान्थे। संगै भँए र ऋक्ष्त को पनी भविष्य के हुनेस छलफल गरौ। जरुरत नहुने हो भने तिन वटै संस्था मर्ज गरौ र अघि बढौं। सरकारको कार्यक्रमलाई बैंकिङ जस्तो क्षेत्रले उत्साहपुर्वक सघाउनु पर्दछ र सरकारले पनि उचीत मागहरु उपर छलफल गरी समाधान निकाल्नु पर्दछ।

*(ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत झवालीको फेसबुक वालबाट सभार)*

# भारतमा सडक दुर्घटना, कम्तीमा १५ जनाको मृत्यु



**नयाँ दिल्ली/एजेन्सी–** भारतमा भएको सवारी दुर्घटनामा परी कम्तीमा १५ जनाको मृत्यु भएको छ । विपरित दिशाबाट आइरहेका यात्रुवाहक बस र ट्रक शुक्रबार राति एक आपसमा ठोक्किएर भएको दुर्घटनामा परी अरु २५ जना घाइते भएका छन् ।

देशको उत्तरप्रदेश राज्यमा दुर्घटना भएको स्थानीय प्रहरी अधिकारीले सिन्ह्वालाई टेलिफोनमा जानकारी दिएका छन् । दुवै साधन एक आपसमा ठोक्किएपछि बसमा आगलागी भएको थियो । बसमा झण्डै ५० जना यात्रु रहेका थिए । उत्तर प्रदेशको कान्नौज जिल्लाबाट राजस्थान राज्यको राजधानी जयपुरतर्फ जाँदै गरेको बससँग ट्रक ठोक्किएको हो । प्रारम्भिक अनुसन्धानले ट्रक चालकको लापर्वाहीका कारण दुर्घटना भएको देखिएको प्रहरी अधिकारीले जनाएका छन् । ट्रक चालकले उल्टो दिशामा तिव्र गतिले ट्रक चलाएको उनीहरुको भनाइ छ ।

प्रत्यक्षदर्शीले दिएको जानकारीअनुसार बस र ट्रक एक आपसमा ठोक्किएपछि कम्तीमा दुईभन्दा बढी इन्धन ट्याङ्की विस्फोटनसमेत भएका थिए । विस्फोटनसँगै आगलागी पनि भएको उनीहरुले बताएका छन् । दुर्घटनामा परी घाइते भएकाहरुलाई स्थानीय विभिन्न अस्पतालमा भर्ना गरिएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् । 'अझै १८ देखि २० जनाभित्र च्यापिएको अनुमान गरिएको छ, उनीहरुलाई जिवितै बाहिर निकाल्ने प्रयास भइरहेको पनि छ,' एक प्रहरी अधिकारीले भने । दुर्घटनाको खबर थाहा पाएपछि प्रधानमन्त्री नरेन्द्र मोदीले दुःख व्यक्त गरेका छन् । उनले मृतकप्रति श्रद्धाञ्जलि र मृतकका आफन्तमा समवेदना व्यक्त गर्नुका साथै घाइतेको सिघ्र स्वास्थ्य लाभकोसमेत कामना गरेका छन् ।

त्यसैगरी उत्तरप्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथले पनि दुर्घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई राहतको घोषणा गरेका छन् । उनले मृतकका परिवारजनलाई प्रति परिवार दुई लाख रुपैया र घाइतेलाई प्रतिव्यक्ति ५० हजार रुपैयाँ राहतको घोषणा गरेका हुन् ।

## इरानी सेनाको स्वीकारोक्ति
# युक्रेनी विमान भुलवश खसालियो



**तेहरान/एजेन्सी–** इरानको सेनाले केही दिन अगाडि इराकमा युक्रेनी विमान खसालिएको बारेमा कमजोरी भएको स्वीकार गरेको छ । सरकारी पक्षले शनिवार प्रकाशित गरेको विज्ञप्तिमा इरानको सेनाले मानवीय गल्ती कारण विमान खसालेको उल्लेख गरिएको छ । घटनामा दोषी देखिएकालाई कारबाही गरिने पनि विज्ञप्तिमा जनाइएको छ ।

विमान दुर्घटनाको समयलाई हेर्दा इरानले प्रत्याक्रमणस्वरूप हुन सक्ने सम्भावित क्षेप्यास्त्र प्रहारका लागि तयारी गरिरहेका बेला उक्त विमानलाई अमेरिकी लडाकू विमान भनेर झुक्किएर खसालेको हुनसक्ने विश्लेषण पनि गरिएको छ । उक्त घटनालाई ठूलो विपत्ति र अक्षम्य गल्ती भएको पनि इरानका राष्ट्रपति हसन रुहानीले सामाजिक सञ्जाल ट्वीटरमार्फत बताएका छन् । युक्रेनी अन्तर्राष्ट्रिय वायु सेवाको विमान दुर्घटनामा परी चालक दलका सदस्यसहित १७६ नागरिकको मृत्यु भएको थियो ।

तेहरानबाट क्रिभ हुँदै टोरन्टोका लागि उडेको विमानमा अधिकांश यात्रु इरान र क्यानडाका थिए । मृतकमध्ये १५ जना बालबालिका थिए । दुर्घटनापछि तेहरानस्थित युक्रेनी दूतावासले पहिला विमानको इन्जिनमा समस्या देखिएको बताएको थियो तर छानबिन हुनुभन्दा अघि विमान दुर्घटनाको कारणबारे व्यक्त टिप्पणी आधिकारिक नभएको भन्दै आफैँले त्यो भनाइ फिर्ता लिएको थियो । इरानले इराकस्थित अमेरिकी सैनिक बसेका दुईवटा आधार शिविरमा क्षेप्यास्त्र आक्रमण गरेको केही घण्टापछि नै उक्त विमान दुर्घटना भएको थियो ।

# ओमनी सुल्तान कबुसको निधन

**मुस्कात/एजेन्सी–** अत्यधिक धेरै समय शासन गर्ने शासकमध्येमा पर्ने ओमनका सुल्तान कबुसको निधन भएको छ । उनको ७९ वर्षको उमेरमा शुक्रबार निधन भएको शाही उच्च अधिकारीले शनिबार जानकारी दिएका छन् । आधुनिक अरबी देशका शासकमध्ये उनी धेरै समय शासन गर्ने शासकमा पर्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

उनले सन् १९७० देखि अहिलेसम्म झण्डै ५० वर्ष ओमनमा शासन गरेका हुन् । उनले आफ्नै पितालाई अपदस्त गरेर शासन लिएका थिए । उनी केही समयदेखि क्यान्सरबाट पीडित भएकाले उपचार गराइरहेका थिए । क्यान्सरकै कारण अहिले उनको निधन भएको बताइएको छ । उनी अविवाहित भएकाले कुनै छोराछोरी नभएको र उत्तराधिकारी पनि कसैलाई नतोकेका अधिकारीले बताएका छन् ।

उनले कसैलाई नतोकेपछि पारिवारिक बैठकबाट उनकै नाता पार्ने हैथाम बिन तारिकलाई नयाँ शाही शासकका रुपमा छनोट गरिएको छ । संस्कृति मन्त्रीसमेत रहेका ६५ वर्षीय हैथामलाई नियुक्त गर्ने निर्णय भएको सरकारी अधिकारीले शनिबार जनाएका छन् । 'हैथाम बिन तारिकलाई देशको नयाँ सुल्तानका रुपमा सपथ ग्रहण गराइएको छ,' सरकारी अधिकारीले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् ।

ओमनको संविधानमा एक जना शासकको निधनभएपछि तीन दिनभित्रमा नयाँ शासक चयन गरिसक्नु पर्ने व्यवस्था रहेको जनाइएको छ । अधिकांश विश्लेषकले कबुसका अर्का नातेर असद बिन तारिकलाई नयाँ सुल्तानका रुपमा हेरेका थिए । सन् २०१९ मा उनलाई उपप्रधानमन्त्री तथा अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य मामिला मन्त्रीमा नियुक्त गरिएकाले त्यतिबेलादेखि नै उनलाई भावी सुल्तानका रुपमा हेरिएको थियो ।

सुल्तान कबूसले झन्डै पाँच दशक ओमानमा शासन गरेका हुन् । ओमानमा अहिले करिब ४६ लाख मानिसको बसोबास रहेको छ । तीमध्ये ४३ प्रतिशत विदेशी छन् । उनन्तीस वर्षको उमेरमा उनले आफ्ना पिता सइद बिन तैमुरलाई सत्ताबाट हटाएका थिए । सइद अतिरूढिवादी शासक थिए । उनले रेडिओ सुन्न र चस्मा लाउन पनि प्रतिबन्ध लगाएका थिए । कसले बिहे गर्न, पढ्न र देशबाहिर जान पाउँछ त्यसको निर्णय उनी आफैं गर्थे ।


## SAUDI मा रोजगार | कम्पनी : HAIF BIN MOHAMMED BIN ABBOUD AL QAHTANI
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७६/०९/२५ | चलानी नं.: ६०१४९८८७ | LT. No.: 230787

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Horse Jockey Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ६७२/०६३/६४

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२३, ९०२८२४, ९०२८२५
मो.:९८१८६२८४४७, ९८१८६२८४४८



## SAUDI मा रोजगार | कम्पनी : ABDULLAH SAAD AL SAHLEE EST FOR TRANSPORT
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ | चलानी नं.: ६०१४९८८१ | LT. No.: 230741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rays Recruitment Pvt. Ltd.**
Dharapati Sneha koloni, Bashundhara-4, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 4374491, 4376141
E-mail: raysrecruit@gmail.com, Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066



## साउदीमा रोजगार | १. कम्पनी : SPECIAL BURGER FOOD SERVICES RESTAURANT
शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७६/०९/२५ | चलानी नं.: ६०१४९९२८ | LT. No.: 230519

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MOHAMMAD BIN SALEH BIN MOHAMMED AL HAJRAS FOOD SERVICE RESTAURANT शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७६/०९/२४ | चलानी नं.: ६०१४९८३१ | LT. No.: 230521

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com
श्रम इजाजत नं. २६७/०५८/०५९



## Banphikot Rural Municipality
### Office of Rural Executive
Banphikot Rukum west
Karnali Province Nepal

visit Nepal 2020 Lifetime Experiences

### Invitation for Bids for the Construction of Rural Municipality and ward no 3 office Building

**Contract Identification No: IFB No. BRM/NCB/WORKS building-01/076/077 , BRM/NCB/WORKS building 02/076/077**
**Date of publication: 2076/09/27**

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the may visit PPMO website **www.bolpatra.gov.np/egp.**
2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajasewa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Laxmi Bank Ltd.**
   **Name of Office: Banphikot Rural Municipality**
   **Office Code no. 015**
   **Office Account no.: 09411000023 (sanchit kosh khata)**
   **Pre-bid meeting shall be held at 22th day from notice published at 11:00 A.M Banphikot Rural Municipality Office.**
3. Electronic bids must be submitted to the office **The Rural Municipality Office at Banphikot, Rukum West** through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 noon** on the **31st day from the date of publication of this notice**. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **The Technical** will be opened at **14:00 of 31st day from the date of publication of this notice** at the office of **Rural Municipality Office**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NPR.3,00,000.00 (Nepalese Rupees. Three lakhs only)** on Office Account no.: **09411000050 (Dharauti khata)** which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 days)**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.No./Works | IFB NO. | Cost of Bid Documents (Bank Deposit) | Bid Security/Bid Bond (Bank Deopsit/ Bank Guarantee) | Last date of Submission | Last date of Bid Opening | Total cost of works. |
|---|---|---|---|---|---|---|
| Construction of ward no 3 office Building Banphikot, Rukum West | BRM/NCB/WORKS building-01/076/077 | Rs.3,000.00 | Not less than Rs.3,00,000.00 | 2076/10/28 12:00 Noon | 2076/10/28 12:00 Noon | Rs.10118442.08 (Inclusive vat.) |
| Construction of Rural Municipality Office Building Banphikot, Rukum West | BRM/NCB/WORKS building 02/076/077 | Rs.3,000.00 | Not less than Rs.3,00,000.00 | 2076/10/28 12:00 Noon | 2076/10/28 12:00 Noon | Rs.10921369.35 (Inclusive vat.) |



## मकाउमा वैदेशिक रोजगारको अवसर

MACAU मुलुकको MACAU शहरस्थित एक प्रतिष्ठित Macau East Asia Int l Recruitment Co. Ltd. कम्पनीबाट निम्न कामदारहरुको माग भएकोले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साइजको कलर फोटो र अनुभवका प्रमाणपत्रहरु सहित यथाशिघ्र सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृति मितिः २०७६/०९/२२ | चलानी नं.: ६०१४९७०३ | LT.No.: 230290

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MOP | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ramp Service Agent | 5 | 0 | सम्बन्धित काममा दक्ष | 7400 | १०५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cabin Service Agent | 10 | 0 | | 7100 | १०१,६०० | | | | | | | |

पूर्व स्वीकृति मितिः २०७६/०९/२२ | चलानी नं.: ६०१४९७०२ | LT.No.: 230465

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MOP | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aviation Operations and Ground Services Staff | 10 | 0 | स. काममा दक्ष | 8980 | १२८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१. उमेरको हकमा २२ देखि ३६ वर्ष ननाघेको । २. शैक्षिक योग्यता SLC वा सो सरह भन्दा माथी । ३. अनिवार्य उचाई १७३ से.मी. भन्दा माथि हुनुपर्ने । ४. अनिवार्य अंग्रेजी बोल्न र लेख्न सक्ने हुनुपर्नेछ । ५. BHM गरेको वा 4 Star / 5 Star Hotel मा कम्ती मा २ वर्ष काम गरेको हुनुपर्नेछ । ६. फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । ७. कुनै पनि नक्कली प्रमाण–पत्रहरु पेश गरिएका प्रमाण–पत्रहरुबाट पर्न सक्ने कुनै पनि कानुनी कार्बाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ । ८. यस कम्पनीको कुनै पनि शाखा वा एजेन्ट नभएको र कसैसित कुनै पनि कारोबार वा आर्थिक लेनदेनको यस कम्पनी जिम्मेवार हुने छैन । ९. आर्थिक कारोवार यस प्रा.लि.को लेखा शाखा बाट मात्र गर्नुहोला । १०. जन्म प्रमाण–पत्र, विवाह प्रमाण–पत्र प्रहरी रिपोर्ट र कम्तीमा एक बर्ष बहाली भएको राहदानीमध्ये कुनै पनि एकवटा कागज नभए फारम उपलब्ध गराइने छैन । ११. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा बापत लाग्ने शुल्क क्षतिपुर्ति दिनुपर्नेछ ।

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ५ र ६ गते (19 & 20 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Worldwide Human Resource Networking Pvt. Ltd.**
GPO Box: 23939, Manjushree Marga-76, Old Baneshwor, Kathmandu, Nepal
Tel.: 01-4470457, 4471155, Web.: www.nepal.manpower.net
Govt.Lic. No. 534/061/062

# बक्स अफिस समाचार

## एक्सन प्याक्ड 'लप्पन छप्पन २'

मध्यान्ह संवाददाता
काठमाडौं, २६ पुस

'लप्पन छप्पन-२' को टिजर सार्वजनिक भएको छ । फिल्मको शुक्रबार युट्युब च्यानलमार्फत टिजर रिलिज गरिएको हो । सार्वजनिक टिजरमा अधिकांश एक्सन सिन समेटिएको छ । टिजरमा एक्सनको अलावा सस्पेन्स पनि देख्न सकिन्छ । त्यस्तै पैसाका लागि हुने मारधाड टिजरमा देखिन्छ ।



फिल्मको मूलकथा सौगात मल्ल, शिव श्रेष्ठ, अर्पण थापा र अनुपविक्रम शाहीको वरिपरि घुमेको टिजरमार्फत् खुलाइएको छ । फिल्ममा शिवले सौगातको पिताको भूमिका निभाएका छन् । सौगात र अर्पण भिन्न लुक्समा प्रस्तुत छन् । गोविन्द शाही, प्रकाश कुँवर, दीपक क्षेत्री, नविन मानन्धर, विशाल पहारी, किशोर भट्ट, सरिता गिरीलगायतका कलाकारको पनि फिल्ममा अभिनय छ ।

मुकुन्द भट्ट निर्देशित चलचित्रको कथा पैसाकै वरिपरि घुमेको टिजरबाट अनुमान गर्न सकिन्छ । यसअघि 'लप्पन छप्पन' प्रदर्शनमा आएको थियो । फिल्मले चर्चा कमाए पनि बक्स अफिसमा आशा गरिएअनुरुप व्यापार गर्न सकेको थिएन । 'लप्पन छप्पन'को सिक्वेलका रुपमा तयार भएको 'छप्पन छप्पन २'मा 'छप्पन छप्पन' मा शीर्ष भूमिका निभाएका वर्षा शिवाकोटी, दयाहाङ राई लगायतको अभिनय भने छैन ।

खिलेन्द्रराज तिमसिनाको प्रस्तुति 'लप्पन छप्पन २' बाट अभिनेता शिव श्रेष्ठका जेठा छोरा शक्ति श्रेष्ठले अभिनयमा डेब्यू गर्दैछन् । फिल्ममा उनी प्रहरी अफिसरको भूमिकामा छन् । टिजरमा पनि उनको एक झल्को देख्न सकिन्छ । त्यस्तै, यो फिल्मबाट केरोलिन कोलिन्डा, सुपर गुरुङ, आना ढकाल, श्रृजना सिना, रन्जीत ओन्तालगायतले पनि अभिनयमा डेब्यू गर्ने अवसर पाएका छन् ।

फिल्मको पटकथा र संवादमा निर्देशक भट्ट र सुनिल नेउरेले काम गरेका छन् । भने, पटकथामा अमित शर्माको पनि साथ छ । पुरुषोत्तम प्रधानले खिचेको फिल्ममा शम्भुजित बाँस्कोटा, राजेन्द्र भट्ट (एमआर आरजे), दीपक आरजे र बुलेट फ्लोको संगीत छ । किङ योगी र दिलिप ओकेधाको कोरियोग्राफी छ । फिल्ममा हिमाल केसी र निर्देशक भट्टको एक्सन छ ।

निरज केसीले साउण्ड र मिलन श्रेष्ठले सम्पादन रहेको फिल्म निर्माणमा गोल्डेन हिल्स पिक्चर्ससँग इपी एजुकेशन अस्ट्रेलिया, युएमआइ ग्रुप युरोप र एमएसी मिडियाले सहकार्य गरेका छन् । सुरज अधिकारी र प्रजापति सिवाकोटीको कार्यकारी निर्माण रहेको फिल्ममा चिजकुमार श्रेष्ठ, प्रकाश कुँवर, निर्मलकुमार मिश्र, सुदिपचन्द्र भक्रेल र सन्तोषचन्द्र भक्रेल निर्माताको रुपमा छन् ।

## 'भद्रकुमारी घले व्यक्तित्व पुरस्कार' साहित्यकार सुवेदीलाई



**काठमाडौं/मस-** यस वर्षको 'भद्रकुमारी घले व्यक्तित्व पुरस्कार' साहित्यकार प्रा.डा. अभि सुवेदीलाई प्रदान गरिएको छ । पुरस्कारको राशि रु एक लाख रहेको छ । यसैगरी यो वर्षको 'भद्रकुमारी घले कृतित्व पुरस्कार' साहित्यकारद्वय काजी रोशन र शेरबहादुर गुरुङ तथा पत्रकार भैरव रिसाललाई प्रदान गरिएको छ ।

पुरस्कारको राशि जनही रु ५० हजार रहेको छ । सोही पुरस्कार साहित्यकार आनन्ददेव भट्ट, सुशीला भट्ट र सुनिता गुरुङलाई प्रदान गरिएको छ । पुरस्कारको राशि जनही रु २५ हजार रहेको छ । त्यसैगरी यस वर्षको 'भद्रकुमारी घले साहित्य पुरस्कार' साहित्यकार तथा समाजसेवी गीता कार्की, सरस्वती जोशी, विमाया तामाङ, गोमा कटवाल तथा पशुपति गुरुङलाई प्रदान गरिएको छ । पुरस्कारको राशि जनही रु १० हजार रहेको छ । कार्यक्रममा पत्रकार भगवती बस्नेत, रचना श्रेष्ठ, राजेश खनाल, उषा लोहनी, सपना थामी र अरुणा खत्री ललीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । पुरस्कारको राशि जनही रु पाँच हजार रहेको छ ।

भद्रकुमारी घले सेवा सदनले प्रा वासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, कविता आले, उर्मिला डंगोल, युवराज गुरुङ र सुचित्रा श्रेष्ठलगायतलाई पनि अभिनन्दन गरेको छ । भद्रकुमारी घले सेवा सदनको १६ औं वार्षिकोत्सव तथा साधारणसभाको अवसरमा यहाँ आज आयोजित 'पुरस्कार वितरण तथा सम्मान कार्यक्रम'मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले उनीहरुलाई सो पुरस्कार प्रदान गरे ।

सो अवसरमा मन्त्री गुरुङले भद्रकुमारी घले सेवा सदनले गरिरहेको कामको उच्च प्रशंसा गर्दै आगामी दिनमा सरकारले त्यसको मूल्यांकन गरी सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

## 'बारुली बारुली' आइटम गीत सार्वजनिक



**काठमाडौं/मस-** चलचित्र 'इन्काउन्टर'को आइटम गीत सार्वजनिक भएको छ । राजधानीमा आयोजित एक समारोहका बीच 'बारुली बारुली' बोलको आइटम गीत सार्वजनिक गरिएको हो । ओएसआर डिजिटलको युट्युब च्यानलबाट रिलिज गरिएको सो गीतमा सूर्य कमल राईको संगीत र नारायण नेपालको शब्द तथा मीना निरौलाको स्वर रहेको छ ।

फिल्मको लेखन तथा निर्देशन नरेन्द्र भट्टराई (एनबी अञ्जान) ले गरेका हुन् । चलचित्रमा सहनिर्माता कविभक्त क्षेत्री र देवराज प्रसाई रहेका छन् । फिल्मका कार्यकारी निर्माता कुमार प्रसाद ओझा हुन् । फिल्म इन्काउन्टर नेपाली चलचित्र क्षेत्रका लागि नयाँ प्रयोग हुने निर्माता ओझाले बताए ।

'आमा फिल्मपछि नेपाली चलचित्र उद्योगमा कयौं फिल्म बने, हजारौं कथाहरू लेखिए, तर पृथक फिल्म निर्माण गर्न नसकेको आरोपबाट इन्डस्ट्री मुक्त भएन,' ओझाले भने, 'त्यही गुनासो सम्बोधन गर्नकै लागि हामीले इन्काउन्टर फिल्म निर्माण गरेका हौं ।' ओझाले फिल्म इन्काउन्टर नेपाली चलचित्र क्षेत्रका लागि नयाँ प्रयोग हुने बताउँदै नवीनतम् सन्देश र संकल्पसहितको फिल्म निर्माणमा आफ्नो टिम लागेको उल्लेख गरे ।

## कीर्तिपुरमा 'क्यानभास एट थिएटर'

**काठमाडौं/मस-** कीर्तिपुरको नाटकघर परिसरमा 'क्यानभास एट थिएटर' सामूहिक चित्र प्रदर्शनी शुरु भएको छ । राराहिल कीर्तिपुरस्थित थिएटर मलको नाटकघर परिसरमा समकालिन कलाका युवा कलाकारहरुको सिर्जना प्रदर्शनीमा राखिएको हो । नाटक 'जामुनको रुखः सेमलेस भल्गारिटी'को मञ्चनसँगै कीर्तिपुर रंगमञ्चमा इचिङ र पेन्टिङगरी दुई विधाका ३० चित्रहरु प्रदर्शनी शुरु भएको हो ।

प्रदर्शनीमा रहेका चित्रहरुले समकालिन नेपाली समाजप्रतिको चिन्ता र चासो अभिव्यक्त गरिएका छन् । युवा कलाकारहरुले आफ्नो सिर्जनामा चेतनशील मानव सभ्यताका विकृति, कुसंस्कार, उत्पीडनलाई प्रतिरुप स्वरुप उतारेका छन् । त्यस्तै मानवीयता, लैंगिकता, भूमण्डलीकरण प्रकृति, आशा र संघर्षलाई रंगका माध्यमबाट अभिव्यक्त भएका चित्र सिर्जनाहरुमा प्रदर्शनीमा रहेका छन् । प्रदर्शनीमा भिजिट नेपाल २०२० को लोगोका सिर्जनाकारदेखि विभिन्न विश्वविद्यालयबाट दिक्षित सक्रिय १३ कलाकारहरुको सिर्जना राखिएको छ ।

कलाकारहरु उद्धवराज रिमाल, टिकादत्त दाहाल, दीपमाला महर्जन, नारायणप्रसाद बोहजु, भिषण राजभण्डारी, मनिषा मानन्धर, रुकुमणी श्रेष्ठ, विद्यमान तामाङ, सन्तोष सिग्देल, सुजिता महर्जन, सुमन महर्जन, सुवास तामाङ, सोनी राईको सामूहिक प्रदर्शनीलाई 'क्यानभास एट थिएटर' नाम दिइएको हो ।

### कम्पनी गाभिएको सूचना

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७६/०१/०६ गते सम्पन्न संयुक्त मर्जर समितिको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम एशिया एड्भेन्चर एक्सकर्सन प्रा.लि. नं. (५१९११) मा ट्राभल एजेन्ट नेपाल प्रा.लि. नं. (७३९२६) लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पती र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरि ट्राभल एजेन्ट नेपाल प्रा.लि. नं. (७३९२६) लाई एशिया एड्भेन्चर एक्सकर्सन प्रा.लि. नं. (५१९११) मा गाभ्न मिति २०७६/०३/२९ को निर्णयानुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०९/२७

यस कम्पनीको मिति २०७६/०९/०१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **जुनियर कटेज प्रि स्कुल प्रा.लि. (प्रा.लि.नं. १४५६१८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शीतल बाटिका प्रि स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
### हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७०/०५/२४ मा दर्ता भएको **प्रा.लि. नं. ११५९४१** को **बेबी शेनटर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
### समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
कीर्तिपुरको सूचना ।
प्रकाशित मिति २०७६।०९।२७

विश्वविद्यालय क्याम्पसय, कीर्तिपुरस्थित घडीघरमा रहेको सभाहललाई आधुनिक उपकरण र सुविधासम्पन्न स्तरीय राष्ट्रिय–अन्तर्राष्ट्रिय गोष्ठी/सम्मेलन कक्षको रुपमा परिणत गरी व्यवस्थापन गर्नु पर्ने भएकोले सेमिनार/कन्फेरेन्स हल निर्माणको अनुभव र दखल भएका सम्बन्धित व्यक्ति, फर्म/कम्पनीबाट सूचना प्रकाशित भएको ७ दिनभित्र सिलबन्दी दरभाउपत्र (कोटेशन) उपलब्ध गराउन यो सूचना प्रकाशन गरिएको छ । अन्य विस्तृत विवरणको लागि विभागमा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।


### साउदीमा रोजगार

१. कम्पनी: FAHAD A AL QAHTANI EST. FOR TRANSPORTATOIN — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७६/०९/२२ — चलानी नं.: ६०१४९७१४ — LT. No.: 230515

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: SULTAN TRANSPORT SULTAN M.AL-QAHTANI & SONS TRANSPORT CO — शहर: KSA
पूर्व स्वीकृत मिति: २०७६/०९/२२ — चलानी नं.: ६०१४९७१५ — LT. No.: 230453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 30 | 0 | स. काममा दक्ष | 1800 | ५५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: MALABAR RESTAURANT — शहर: KSA
पूर्व स्वीकृत मिति: २०७६/०९/२२ — चलानी नं.: ६०१४९७१८ — LT. No.: 224683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fruits & Vegetables Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | BBQ Meat | 1 | 0 | | 1400 | ४२,८४० | | | | | | | |

४. कम्पनी: AL-AMER CO. PRODUCTS OF SWEET WATER — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/०९/१३ — चलानी नं.: ६०१४९१५६ — LT. No.: 229725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: MUSTAFA HASSAN AL DARWISH TRADING EST — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७६/०९/१३ — चलानी नं.: ६०१४९१८४ — LT. No.: 229800

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
